# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन
# २०७५
# प्रदेश नं.३




महालेखापरीक्षकको कार्यालय
काठमाडौँ, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७५
# प्रदेश नं. ३

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

*Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्रदेश नं. ३



रसुवा
धादिङ
नुवाकोट
सिन्धुपाल्चोक
काठमाडौं
भक्तपुर
दोलखा
चितवन
मकवानपुर
ललितपुर
काभ्रेपलाञ्चोक
रामेछाप
सिन्धुली

# नेपालका महालेखापरीक्षक

बबरमहल, काठमाडौं
नेपाल


पत्रसंख्या : २०७५।७६
च.नं.:

**विषयः वार्षिक प्रतिवेदन**

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
प्रदेश नं. ३, हेटौडा ।

नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश नं. ३ को आर्थिक वर्ष २०७४।७५ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेश गरेको छु ।

भवदीय,

(टंकमणि शर्मा दंगाल)
महालेखापरीक्षक


फोन नम्बर ४२६२९५८ फ्याक्स नम्बर ४२६८३०९ पोष्ट बक्स नम्बर १३३२८

# विषय-सूची


| परिच्छेद | | शीर्षक | पृष्ठ |
|---|---|---|---|
| **महालेखापरीक्षकको भनाई** | | | |
| **प्रदेश सञ्चित कोष** | | | |
| **लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति** | | | |
| **परिच्छेद १:** | **लेखापरीक्षण गरिएका निकायको विवरण** | | १ |
| **परिच्छेद २:** | **लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति** | | ३ |
| **परिच्छेद ३:** | **मन्त्रालय र निकायगत व्यहोरा** | | ७ |
| | १. | प्रदेश सभा सचिवालय | ७ |
| | २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९ |
| | ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | ११ |
| | ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १४ |
| | ५. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | १६ |
| | ६. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १८ |
| | ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | २० |
| | ८. | सामाजिक विकास मन्त्रालय | २१ |
| | ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | २३ |
| **परिच्छेद ४:** | **प्रतिवेदन कार्यान्वयनको स्थिति** | | २४ |
| **परिच्छेद ५:** | **सुधारका क्षेत्रहरु** | | २५ |
| **अनुसूचीहरु :** | १. | लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण | २७ |
| | २. | लेखापरीक्षण रकम | २८ |
| | ३. | बेरुजू वर्गीकरण | २९ |
| | ४. | लेखा उत्तरदायी अधिकृतहरुको विवरण र सो अवधिको बेरुजू स्थिति | ३० |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४० मा राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा महालेखा परीक्षकको नियुक्ति गर्ने व्यवस्था छ । संविधानको धारा २४१ (१) मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल नेपाललगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ ।

त्यसैगरी संविधानको धारा २४१(२) बमोजिम ५० प्रतिशत भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्त गर्दा महालेखापरीक्षकसँग परामर्श गर्नुपर्ने र लेखापरीक्षण ऐन, २०७५ को दफा ३(ख) अनुसार नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ ।

लेखापरीक्षण ऐन, २०७५ को दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था तथा अन्य संघीय तथा प्रदेश कानुनहरु र महालेखापरीक्षकले जारी गरेका निर्देशक दस्तावेजहरु र सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाइ) र एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठन(एसोसाई) द्वारा प्रतिपादित मानदण्डहरु र अन्य अन्तर्राष्ट्रिय असल अभ्यासहरुसमेत अनुशरण गर्दै वस्तुनिष्ठ हुने गरी तयार गरिएको छ ।

नेपालको संविधानको धारा २९४(३) मा संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था छ । उल्लिखित व्यवस्था बमोजिम आर्थिक वर्ष २०७४/७५ को प्रदेशस्तरका कार्यालयको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन पेश गरेको छु । यो प्रतिवेदन प्रदेशस्तरको काम कारबाहीको प्रथम प्रतिवेदन हो । यसको सारांश महालेखापरीक्षकको छपन्नौं वार्षिक प्रतिवेदनमा पनि समावेश गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुखसमक्ष वार्षिक प्रतिवेदन पेश गर्ने र सोही ऐनको दफा १९(५) बमोजिम उक्त प्रतिवेदन मुख्यमन्त्री मार्फत् प्रदेश सभामा पेश हुने व्यवस्था छ । सो अनुरुप प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु ।

लेखापरीक्षणको क्रममा म स्वयंले माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय मन्त्रीहरु तथा लेखाउत्तरदायी अधिकृतलगायत सरोकारवाला पक्षहरुसँग आवश्यक छलफलका साथै सूचना, राय, सुझाव संकलन गरी लेखापरीक्षणलाई गुणस्तरीय, परिणाममुखी एवं उद्देश्यमूलक बनाउने प्रयास गरेको छु । यस प्रतिवेदनमा सार्वजनिक निकायबाट प्रचलित कानुनको पालना, वित्तीय काम कारबाहीमा जवाफदेहिता वहन, अद्यावधिक लेखा, आर्थिक कारोबारको स्थिति, स्रोतको चुहावटबाट सरकारी हानी नोक्सानीको पहिचानजस्ता विषयलाई लेखापरीक्षणबाट निर्क्यौल गर्ने प्रयास गरिएको छ ।

यस वर्ष प्रदेश सरकारअन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित ७ मन्त्रालय, प्रदेश सभा सचिवालय र मुख्य न्यायाधिवक्ताको कार्यालय समेत ९ निकायको संघीय सरकारबाट १ अर्व २ करोड ५ लाख अनुदान प्राप्त भई रु. २७ करोड ४६ लाख २९ हजारको लेखापरीक्षण सम्पन्न भएकोमा २ निकायमा रु. ९ लाख ७२ हजार बेरुजू कायम भएको छ । यो बेरुजू कुल लेखापरीक्षण अंकको ०.३५ प्रतिशत हुन आउँछ ।

आर्थिक वर्ष २०७४/७५ को प्रदेशअन्र्तगतका कार्यालयहरुको लेखापरीक्षणबाट मूलतः आवश्यकताअनुसार सबै कानून निर्माण हुन नसकेको, कतिपय कानुनी व्यवस्था संघीय कानुनसँग सामन्जस्य नभएको, दरबन्दीबमोजिम कर्मचारीको पदपूर्ति हुन नसकेको, संगठनात्मक संरचनामा दोहोरोपना देखिएको, आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउने र उठाउने गरी बजेटमा प्रस्ताव नभएको, बजेट वक्तव्यमा उल्लेख भएका कतिपय नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, प्रतिस्पर्धाबेगर सोझै वस्तु तथा सेवा खरिद गरेको, प्रदेशस्थित

सरकारी सम्पत्तिको एकीकृत विवरण तयार नगरेको, निकायगत कार्यको प्रकृति अनुरुप आन्तरिक नियन्त्रण प्रणाली तयार नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु देखिएका छन् ।

यस प्रतिवेदनमा संघीयता कार्यान्वयनका सन्दर्भमा देखिएका विषयहरु समावेश गरिएको छ । संघीय प्रणालीमा प्रदेशस्तरमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपि नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट प्रदेशस्तरको शासकीय व्यवस्था संचालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

प्रदेशको संरचनाले संघ र स्थानीय तहबीच समन्वय कायम गरी प्रदेश सरकारका आर्थिक क्रियाकलापमा वित्तीय अनुशासन कायम गर्न र उपलब्ध स्रोत साधनको अधिकतम् प्रयोग गर्दै विकास निर्माण, सेवा प्रवाह, रोजगारी सिर्जना जस्ता कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्नेछ । साथै प्रदेश सरकारले संघीय सरकारको अनुदानप्रतिको निर्भरतालाई क्रमशः घटाउँदै नेपालको संविधान बमोजिम आफ्नो कार्यक्षेत्र भित्र परेका स्थानीय श्रोत साधनमार्फत् आन्तरिक आय परिचालन गरी आत्मनिर्भर हुनेतर्फ प्रदेश सरकारका काम कारबाही निर्देशित हुने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरु, माननीय प्रदेश सभामुखज्यू तथा उप-सभामुखज्यू र प्रदेश सभा सदस्यज्यूहरु, प्रदेश सरकारका सबै निकाय र पदाधिकारीहरुलगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)

महालेखापरीक्षक

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प.सं. : २०७५।७६
च.नं. :

मिति : २०७५।१२।२७

**विषय : सञ्चित कोष हिसावको लेखापरीक्षण प्रतिवेदन ।**

श्री अर्थ सचिव,
आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. ३,
हेटौंडा, मकवानपुर ।

१. **आर्थिक विवरण उपर प्रतिवेदन** : हामीले प्रदेश नं. ३ सरकारको सञ्चित कोषको २०७५ आषाढ ३२ गते समाप्त भएको आर्थिक वर्षको आर्थिक विवरण र तत्सम्बन्धमा अपनाएका आधार तथा लेखा टिप्पणीको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **आर्थिक विवरण उपर व्यवस्थापनको जिम्मेवारी** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार प्रदेश सञ्चित कोषको लेखा आवधिकरुपमा राख्ने तथा त्यसको वार्षिक विवरण तयार गर्ने, प्रदेश सञ्चित कोषको सञ्चालन गर्ने, एकीकृत लेखा राख्ने, वित्तीय विवरण तयार गर्ने, आर्थिक विवरण जालसाजी, त्रुटि र गलत आँकडारहित सारभूतरुपमा प्रस्तुतीकरण गर्ने, आन्तरिक नियन्त्रण प्रणाली विकास गरी निरन्तर प्रभावकारी हुने गरी स्थापित गर्ने र उपयुक्त लेखा नीतिको छनौट गरी कार्यान्वयन गर्ने कार्य पर्दछन् ।

३. **लेखापरीक्षणको जिम्मेवारी** : हाम्रो जिम्मेवारी प्रस्तुत आर्थिक विवरणउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनका आधारभूत लेखापरीक्षण सिद्धान्त, सरकारी लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र आर्थिक विवरण सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुत भएको छ भन्ने कुरामा यथोचित आवश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तद्अनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

आर्थिक विवरणमा खुलासा गरिएका सूचनाका बारेमा पुष्ट्याई गर्ने, यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण, आंशिक र छड्के परीक्षण गर्ने विषय लेखापरीक्षण कार्यविधिमा समावेश हुन्छ । लेखापरीक्षण कार्यविधिमा आर्थिक विवरण सारभूतरुपमा जालसाजी वा त्रुटि वा गलत आँकडा प्रस्तुति हुन सक्ने कुरालाई मध्यनजर राख्दै अवलम्बन गरिने लेखापरीक्षण जोखिमको मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षण जोखिमको मूल्याङ्कन गर्ने क्रममा निकायको आर्थिक विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण व्यवस्था तथा उपयुक्ततावारेमा परीक्षण गरिएको भए तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारितावारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । आर्थिक विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्ततालगायत आर्थिक विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य लेखापरीक्षण अन्तर्गत पर्दछ ।

४. **कैफियत सहितको राय व्यक्त गर्ने आधार** : कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन्:

४.१ प्रदेश सञ्चित कोषको आर्थिक विवरण तयार गर्ने लेखा ढाँचा प्रचलित कानुनबमोजिम स्वीकृत गराएको छैन ।

४.२ यस वर्ष लेखापरीक्षणबाट रु.३ हजार असुल गर्नुपर्ने, रु.६ लाख ९ हजार अनियमित भएको र रु.३ लाख ६० हजार प्रमाण कागजात पेश नभएको समेत रु.९ लाख ७२ हजार बेरुजू देखिएको छ ।

४.३ प्रदेश सरकारको लागि रु. १ अर्ब २ करोड ५ लाख समानीकरण अनुदान प्राप्त भएको मध्ये रु.२६ करोड ९६ लाख ७४ हजार खर्च भई भुक्तानी हुन बाँकी रकम समायोजन सहित रु.७५ करोड १० लाख ७४ हजार प्रदेश सञ्चित कोषमा बाँकी रहेको छ ।

४.४ ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र स्रोत सुनिश्चितता, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृती एवं कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाहलगायतका विषयमा कमी कमजोरी देखिएका छन् ।

५. **लेखापरीक्षणको राय** : हामीलाई उपलब्ध गराइएको स्रेस्ता, अभिलेख, सूचना, जानकारीका आधारमा हाम्रो रायमा माथि उल्लेखित बुदा नं.४ मा उल्लेख भएका व्यहोराले पार्ने सारभूत असर बाहेक प्रदेश सरकारको सञ्चित कोषको आर्थिक विवरणले २०७५ आषाढ ३२ गते समाप्त भएको आर्थिक वर्षको आर्थिक कारोबारलाई नेपाल सरकारको लेखाप्रणालीअनुसार सही र यथार्थ चित्रण गर्दछ ।

(बाबुराम गौतम)
उप-महालेखापरीक्षक

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्न तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्न लेखापरीक्षणले देहायअनुसारका उद्देश्य राखिएको छ :

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापनमा पर्याप्त व्यवस्था गरेको,
- सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको ।

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, संवैधानिक अंग र प्रदेश कार्यालयसमेत ९ निकायको २०७४।७५ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा कानुनको परिपालनमा विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्यांकन गर्न सूचना तथा तथ्यांकसमेत प्रयोग गरिएको छ ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ अनुशरण गरी लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गर्दा जोखिम मूल्याङ्कनपश्चात् पहिचान भएका विषयको सन्दर्भमा परीक्षण एवं विश्लेषण गरी सान्दर्भिक र पर्याप्त प्रमाण संकलन गर्न आवश्यकतानुसार नियन्त्रणको परीक्षण, सारभूत विश्लेषणात्मक कार्यविधि र विस्तृत परीक्षण कार्यविधि अवलम्बन गरिएको छ । लेखापरीक्षण योजना तथा कार्यक्रमको पूर्व जानकारी लेखाउत्तरदायि अधिकृतलाई गराईएको थियो । यस अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायबाट प्राप्त जवाफ प्रतिकृया समेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ ।

लेखापरीक्षणको क्रममा लेखाउत्तरदायी अधिकृत, कार्यालय प्रमुख, लेखा प्रमुख, नागरिक समाज सम्बद्ध संस्था, सञ्चारकर्मीबीच अन्तर्क्रिया र छलफल गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरिवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ । यसैगरी प्राविधिक लगायतका विषयमा राय प्रदान गर्न लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषयविज्ञ तथा विशेषज्ञ नियुक्ति गरि लेखापरीक्षणमा संलग्न गराइएको छ ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने नेपालको संविधानको धारा २९४ (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा ४ अनुसूची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति, परिच्छेद ३ मा मन्त्रालय र निकायगत व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयन स्थिति र परिच्छेद ५ मा सुधारका क्षेत्रहरु उल्लेख गरिएको छ ।

# परिच्छेद – १
# लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण**

| लेखापरीक्षण गरिएका निकाय र विषय | संख्या | रकम (रु. हजारमा) |
|---|---|---|
| १. सरकारी कार्यालय | ९ | २७४६२९ |
| **जम्मा** | **९** | **२७४६२९** |

यो वर्ष प्रदेश मातहतका ९ निकायको रु.२७ करोड ४६ लाख २९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण **अनुसूची १** मा उल्लेख छ।

१. **सरकारी निकाय** – यो वर्ष ९ प्रदेश कार्यालयको विनियोजन/राजस्व/धरौटी र अन्यतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

| क्र.सं. | कारोवार | लेखापरीक्षण सम्पन्न | | |
|---|---|---|---|---|
| | | २०७४।७५ को रकम | बक्यौता | जम्मा |
| १. | विनियोजन निकासा | २६९६७४ | ० | २६९६७४ |
| २. | राजस्व असुली | १५६ | ० | १५६ |
| ३. | धरौटी आम्दानी | ४७९९ | ० | ४७९९ |
| ४. | अन्य | ० | ० | ० |
| | **जम्मा** | **२७४६२९** | **०** | **२७४६२९** |

लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विवरण **अनुसूची २** मा उल्लेख छ।

२. **लेखापरीक्षण कार्यविधि** – जोखिम विश्लेषण सहितको विस्तृत लेखापरीक्षण कार्यविधि अवलम्बन गरी प्रदेश कार्यालयको लेखापरीक्षण सम्पन्न भएको छ।

- **प्रदेश बजेट र राजस्वको कार्यान्वयन स्थिति**

३. **प्रदेश बजेट तथा खर्च** – प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७४।७५ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रु. हजारमा)

| शीर्षक/क्षेत्र | २०७४।७५ को | | |
|---|---|---|---|
| | बजेट अनुमान | यथार्थ खर्च | प्रतिशत |
| चालु खर्च | २४७०३५ | १४५२७४ | ५८.८१ |
| पुँजीगत खर्च | १४११५१ | १२४४०० | ८८.१३ |
| न्यायिक फिर्ता | २०० | - | - |
| भैपरी (चालु र पुँजीगत) | ६३२११४ | - | - |
| **जम्मा** | **१०२०५००** | **२६९६७४** | **२६.४३** |

४. **खर्चको स्थिति** – प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चमध्ये रकमको आधारमा बढी खर्च गर्ने निकायको खर्चको विवरण निम्नानुसार छ।

(रु. हजारमा)

| चालु खर्च | | | | पुँजीगत खर्च | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | मन्त्रालय | रकम | खर्चको प्रतिशत | क्र.सं. | मन्त्रालय | रकम | खर्चको प्रतिशत |
| १. | प्रदेश सभा सचिवालय | ६५१२० | ४४.८३ | | सामाजिक विकास मन्त्रालय | १८४५४ | १४.८३ |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १८६४४ | १२.८३ | | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १८४०४ | १४.७९ |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | १३०५५ | ८.९९ | | आन्तरिक मामिला तथा कानुन मन्त्रलय | १७३२९ | १३.९३ |
| ४. | भूमी कृषि तथा सहकारी मन्त्रालय | ११९०९ | ८.२० | | भौतिक पूर्वाधार विकास मन्त्रालय | १४६८९ | ११.८१ |
| ५. | सामाजिक विकास मन्त्रालय | १०४७५ | ७.२१ | | भूमी व्यवस्था, कृषि तथा | १४६६६ | ११.७९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | सहकारी मन्त्रालय | | |
| ६. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | १००२१ | ६.९० | | आर्थिक मामिला तथा योजना मन्त्रालय | १४०७८ | ११.३२ |
| ७. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ८१२६ | ५.५९ | | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | १३०५२ | १०.४९ |
| ८. | भौतिक पूर्वाधार बिकास मन्त्रालय | ७४३३ | ५.१२ | | प्रदेश सभा सचिवालय | ११९०८ | ९.५७ |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | ४९१ | ०.३४ | | मुख्य न्यायाधिवक्ताको कार्यालय | १८२० | १.४६ |
| | | **१४५२७४** | १००.०० | | | **१२४४००** | **१००.००** |

५. **स्रोतगत खर्च** – प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७४।७५ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु.हजारमा)

| स्रोत | २०७४।७५ को | | अनुमानको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|
| | अनुमान | यथार्थ खर्च | |
| संघीय सरकार अनुदान | १०२०५०० | २६९६७४ | २६.४३ |
| **जम्मा** | **१०२०५००** | **२६९६७४** | **२६.४३** |

५.१. प्रदेश सरकारको कुल खर्च रु.२६ करोड ९६ लाख ७४ हजार संघीय अनुदानबाट व्यहोरेको छ ।

५.२. चालुतर्फ रु.१४ करोड ५२ लाख ७४ हजार खर्च मध्ये सञ्चित कोषमाथि व्ययभार भएको खर्च रु.१५ लाख ११ हजार रहेको छ ।

६. **राजस्व असुली** – सरकार सञ्चालनको प्रमुख आधार राजस्व संकलन र परिचालन भएपनि २०७४।७५ मा प्रदेश सरकारले आफ्नो क्षेत्राधिकार भित्रको विषयमा कर लगाउने र उठाउने सम्बन्धमा प्रस्ताव नगरेकोले आय व्यय विवरण (बजेट) मा राजस्वको अनुमान समावेश गरेको छैन ।

७. **छलफल र अन्तरक्रिया** – महालेखापरीक्षकको २०७४।७५ को लेखापरीक्षण कार्य तालिकाअनुसार २०७५ मंसीर पहिलो हप्ता प्रदेश सरकार लगायत संघीय निकायको समेत लेखापरीक्षण सम्पन्न गर्न जिल्लाको कार्य बोझको आधारमा १ भन्दा बढी लेखापरीक्षण टोली खटाइएको थियो ।

प्रदेश सरकारी कार्यालयको लेखापरीक्षणको सुरुको चरण भएकोले महालेखापरीक्षकको काम, कर्तव्य र अधिकार तथा लेखापरीक्षण र सम्परीक्षण सम्बन्धी विधि, प्रक्रिया र प्रचलन सम्बन्धमा जानकारी गराउन महालेखापरीक्षक समेतको उपस्थितिमा प्रदेश राजधानीमा २०७५ मंसिर २५ र २६ गते प्रदेश सभाका सभामुख र लेखा समितिका पदाधिकारी एवं मुख्यमन्त्री र मन्त्रीहरुसँग बेग्ला बेग्लै छलफल कार्यक्रम आयोजना गरिएको थियो । सोही अवधिमा संघीय, प्रदेश र स्थानीय तहका कार्यालय प्रमुख र लेखाप्रमुखसँग अन्तरक्रिया कार्यक्रम समेत भएको थियो ।

# परिच्छेद – २

# लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति

१. **बेरुजू -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २(द) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोवार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोवार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोवारलाई बेरुजूको रुपमा परिभाषित गरेको छ । प्रदेश कार्यालय अन्तर्गत यो वर्ष उपर्युक्त परिभाषा बमोजिम बेरुजू ठहरिने रकम देहायअनुसार रु.९ लाख ७२ हजार रहेको छः

(रु.हजारमा)

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | प्रदेश कार्यालयको बेरुजू | ९,७२ |
| | **जम्मा** | **९,७२** |

२. **बेरुजू वर्गीकरण –** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा बेरुजूलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेश्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ । यस कार्यालयले बेरुजू वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजूमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजूलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेश्कीलाई कर्मचारी, मोबिलाइजेसन, प्रतीतपत्र र संस्थागत पेश्की गरी ४ समूहमा वर्गीकरण गरेको छ । यो वर्ष प्रदेश कार्यालयतर्फ लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अङ्क निम्नानुसार छः

(रु. हजारमा)

| वर्गीकरण | सरकारी कार्यालय | कुल वेरुजूको प्रतिशत |
|---|---|---|
| **जम्मा बेरुजू** | **९७२** | **१००** |
| **१. असुल गर्नुपर्ने** | **३** | ०.३१ |
| **२. नियमित गर्नुपर्ने** | **९,६९** | **९९.६९** |
| • अनियमित भएको | ६,०९ | ६२.८४ |
| • प्रमाण कागजात पेस नभएको | ३,६० | ३६.८५ |
| • जिम्मेवारी नसारेको | - | - |
| • शोधभर्ना नलिएको | - | - |
| **३. पेश्की** | - | - |
| • कर्मचारी पेश्की | - | - |
| • मोबिलाइजेसन पेश्की | - | - |
| • प्रतीतपत्र पेश्की | - | - |
| • संस्थागत पेश्की | - | - |

बेरुजू वर्गीकरणको विवरण **अनुसूची – ३** मा उल्लेख छ ।

२.१ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३८ मा बेरुजू फछ्र्यौट गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था गरेको छ । सोही ऐनको दफा ३५ मा औंल्याइएको बेरुजूको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फछ्र्यौट गर्ने र फछ्र्यौट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्थाबमोजिमको प्रक्रिया पूरा गर्दासमेत २०७४।७५ को बेरुजू फछ्र्यौट नभएकाले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरुको नामावली र बेरुजू रकम **अनुसूची ४** मा समावेश गरिएको छ ।

२.२ प्रदेश कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजू हुने मन्त्रालय निम्नानुसार छन्ः

(रु. हजारमा)

| क्र.सं. | मन्त्रालय | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | | | | कुल बेरुजूको प्रतिशत | ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की बाँकी | जम्मा | | |
| १. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २५४५५ | ३ | ६०९ | ० | ६१२ | ६२.९६ | २.४० |
| २. | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २६५७५ | ० | ३६० | ० | ३६० | ३७.०४ | १.३५ |
| | **जम्मा** | **५२०३०** | **३** | **९६९** | **०** | **९७२** | **१००** | **१.८७** |

२.३ यो वर्ष प्रदेश मातहतका ९ निकायको लेखापरीक्षण गरेकोमा ७ कार्यालय (७७.७८ प्रतिशत) मा लगती बेरुजू देखिएन ।

२.४ यो वर्ष प्रदेश मातहतका ९ निकायको ८१ दफा बेरुजू देखिएकोमा ७९ दफा सैद्धान्तिक र २ दफा लगती बेरुजू कायम भएको छ ।

२.५ प्रदेश कार्यालयतर्फ यो वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मकस्थिति निम्नानुसार छः

(रु. हजारमा)

| प्रतिवेदन | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | प्रतिशत | पेश्कीबाहेकको बेरुजू | पेश्की बाहेकको बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|
| पहिलो | २७४६२९ | ९७२ | ०.३५ | ९७२ | ०.३५ |

प्रदेश कार्यालयको निकायगत बेरुजू र लेखा उत्तरदायी अधिकृतको विवरण अनुसूची ४ मा समावेश छ ।

३. **बेरुजू न्यूनीकरण** - प्रदेश सरकारको आर्थिक कारोवारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ । प्रदेश कार्यालयहरु स्थापनाको सुरुवाती चरणमा रहेकाले आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, आर्थिक कार्यविधि, खरिदलगायतका कानुनमा रहेका जटिलता र अपर्याप्तता एवं पालनामा कमी, कमजोरीको अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरीमार्फत सुरु देखिनै बेरुजु न्यूनीकरणमा ध्यान दिनु पर्दछ ।

## लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा

४. **कानुन निर्माण** - प्रदेश सरकारबाट जारी गर्नुपर्ने सबै ऐन, कानुन प्राथमिकताको आधारमा तयार गरी प्रदेश सभामा प्रस्तुत गरी पारित गराउनु पर्दछ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरणअनुसार विभिन्न मन्त्रालयको लागि पहिचान गरिएका नयाँ बनाउने कानुन ९९ रहेकोमा २५ निर्माण भई २३ पारित भएको र २ पारित हुन बाँकी रहेको देखिन्छ । आवश्यकता पहिचान गरेको मध्ये करिब २५ प्रतिशत कानुन मात्र निर्माण भएको देखिन्छ ।

५. **कानुनमा सामञ्जस्यता** - प्रदेश सरकारले बनाउने कानुन संघीय कानुनसँग सामञ्जस्य हुने गरी निर्माण गर्नुपर्नेमा केही असमाञ्जस्यता देखिएको छ । उदाहरणको लागि प्रदेश नं.३ ले निर्माण गरेको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५(२) मा महालेखापरीक्षकबाट औंल्याएको बेरुजु सम्बन्धित कार्यालयले फछ्र्यौट र सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्था गरेको देखिन्छ । सोही ऐनको दफा ३८ मा लेखापरीक्षणबाट दर्शाइएका बेरुजु सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट नियमित, फछ्र्यौट तथा सम्परीक्षण हुने र सो कार्यको अनुगमन महालेखापरीक्षकको कार्यालयले गर्ने व्यवस्था गरेको पाइयो । उक्त व्यवस्था आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १८ मा बेरुजु फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने र फछ्र्यौट भएको व्यहोरा दफा १९(१) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गराउनु पर्ने व्यवस्थाभन्दा भिन्न रहेको छ । सम्परीक्षण लेखापरीक्षणकै अङ्ग भएकोले उक्त कार्य सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट गराउने व्यवस्था उचित देखिदैन । यस्तो व्यवस्थामा पुनरावलोकन हुनुपर्दछ ।

६. **संगठन र कर्मचारी व्यवस्थापन** - प्रदेश सरकारको कार्य सम्पादन गर्न आवश्यक संगठन र कर्मचारीको व्यवस्था हुनुपर्दछ । प्रदेश नं.३ अन्तर्गत संघीय मामिला तथा स्थानीय बिकास मन्त्रायलबाट २०७५।१२।१४ मा प्राप्त विवरणको आधारमा प्रदेश अन्तर्गतका कार्यालयहरुमा ३९०६ दरबन्दी स्वीकृत गरेकोमा २५२५ जनाको समायोजन भएको विवरण प्राप्त भएको छ । स्वीकृत दरबन्दीको तुलनामा ६४.६४ प्रतिशत मात्र समायोजन

भएको अवस्थामा प्रदेश सरकारको कार्यसम्पादन तथा सेवा प्रवाह प्रभावकारी हुने नदेखिँदा समयमै पदपूर्ति हुनुपर्दछ ।

६.१ संविधानको अनुसूची ६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम कृषि, पशु, शिक्षा, स्वास्थ्य लगायतका कार्यक्रम स्थानीय तहमा हस्तान्तरण भएकोमा सोही प्रकृतिको कार्य गर्नेगरी प्रदेश तहमा समेत कार्यालय स्थापना भएको देखिन्छ । स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रमको लागि प्रदेश तहमा एवं संघीय सरकारले खारेज गरेका क्षेत्रीय निर्देशनालयहरु समेत प्रदेश तहमा स्थापना भएबाट काममा दोहोरोपन एवं प्रशासनिक खर्चमा वृद्धि हुने अवस्था देखिन्छ । प्रदेश सरकार अन्तर्गतका कार्यालय आवश्यकताका आधारम स्थापना हुनुपर्दछ ।

७. **बजेट कार्यान्वयन -** प्रदेशअर्थमन्त्रीले आगामी आर्थिक वर्षको प्रदेश सरकारको राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष आषाढ महिनाको १ गते प्रदेश सभामा पेश गर्नुपर्ने र सोको साथमा राजस्व संकलन, मध्यकालीन खर्च संरचना, अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धित नीतिगत व्यवस्था समेत पेश गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ को आय व्ययको अनुमान २०७५ बैशाख १३ गते प्रदेश सभामा पेश गरेको देखिन्छ । प्रदेश सरकारको २०७४।७५ वार्षिक बजेट र सोको कार्यान्वयन स्थिति विश्लेषण गर्दा निम्नानुसार देखिएको छः

७.१ सरकार सञ्चालनको मूल आधार राजस्व संकलन र परिचालन भएतापनि २०७४।७५ मा प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा कर लगाउने र उठाउने सम्बन्धमा प्रस्ताव नगरेको कारण वार्षिक आय व्यय विवरणमा राजस्वको अनुमान समावेश गरेको पाइएन । यस आर्थिक वर्ष प्रदेश सरकारको आम्दानीको स्रोत नेपाल सरकारबाट प्राप्त समानीकरण अनुदान मात्र रहेको देखियो । संघीय सरकारबाट प्राप्त अनुदान रु.१ अर्ब २ करोड ५ लाख प्रदेश सरकारको कुल बजेट रहेको देखिन्छ । विनियोजन मध्ये रु.६३ करोड १४ लाख २१ हजार अर्थात् ६१.८७ प्रतिशत अर्थ बजेट व्यवस्था गरेकोमा खर्च भएको छैन । वर्षभरी रु.२६ करोड ९६ लाख ७४ हजार खर्च भई बैंकबाट भुक्तानी हुन बाँकी समायोजन समेत बर्षान्तमा रु.७५ करोड १० लाख ७४ हजार बजेट बचत भएको पाइयो । छोटो अवधीको लागि बजेट तयार गरेको र नयाँ स्थापना भएका मन्त्रालय लगायतका कार्यालयले प्रस्ताव गरे अनुसारका कार्यक्रम कार्यान्वयन गर्न नसकेको साथै बजेटको उल्लेखनीय हिस्सा अर्थ बजेटको रुपमा राखेकोमा सोको परिचालन नभएको कारण प्रस्तावित बजेटको २६.०४ प्रतिशत मात्र खर्च भएको देखिन्छ ।

७.२ यस आर्थिक वर्षको लागि रु.१ अर्ब २ करोड ५ लाख विनियोजन भएको मध्ये चालु खर्चतर्फ रु.५५ करोड ४८ लाख ६० हजार अर्थात् ५४.३७ प्रतिशत र पुँजीगततर्फ रु.४६ करोड ५६ लाख ४० हजार अर्थात् ४५.६३ प्रतिशत रहेको देखिन्छ । विनियोजन मध्ये रु.२६ करोड ९६ लाख ७४ हजार खर्च भएकोमा चालुतर्फ रु.१४ करोड ५२ लाख ७४ हजार अर्थात् ५३.८७ प्रतिशत र पुँजीगततर्फ रु.१२ करोड ४४ लाख अर्थात् ४६.१३ प्रतिशत खर्च भएको पाइयो । प्रदेश मन्त्रालय र निकाय यसै आर्थिक वर्ष स्थापना भएका कारण चालु खर्च बढी हुने भएपनि यस्तो खर्च न्युनतम राख्न सुरुदेखि नै खर्चमा मितव्ययिताको नीति अवलम्वन गर्नुपर्दछ ।

८. **कार्यक्रम कार्यान्वयन -** बजेटमा समावेश भएको नीति एवं कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा प्रदेश सरकारको आर्थिक व्यवस्थापनको लागि आर्थिक वर्ष २०७४।७५ को आय व्यय अनुमान (बजेट वक्तव्य) मा उल्लेख भएबमोजिम प्रदेश लोकसेवा आयोगको गठन सम्बन्धी कार्य, प्रदेश गौरवका आयोजनाको छनौट, प्रदेशस्तरको सूचना एकीकृत गर्ने कार्य, प्रादेशिक दुग्ध विकास बोर्ड गठन, मन्त्रालयगत प्रोफाइल र प्रोजेक्ट बैंक तयारी, प्रदेशस्तरीय विपद् व्यवस्थापन कोष, युवा वैज्ञानिक कोष र प्रदेश बाल उद्धार कोषको स्थापना सम्बन्धी कार्य कार्यान्वयन भएको देखिएन । बजेटमा समावेश नीति तथा कार्यक्रम कार्यान्वयन हुन नसेकेको अवस्थामा बजेटको प्रभावकारिता कायम नहुने हुँदा बजेटमा समावेश कार्यक्रमको कार्यान्वयन गर्नु पर्दछ ।

९. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम खरिद प्रतिस्पर्धी हुनुपर्नेमा प्रदेशले यो वर्ष फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर लगायतका सामग्री सोझै खरिद गरी रु.१२ करोड ४३ लाख ९९ हजार भुक्तानी गरेको छ । नयाँ स्थापना भएका मन्त्रालय सञ्चालनका लागि तत्काल खरिद गर्नुपरेको भएपनि सोझै खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ बमोजिमको प्रकृया अवलम्बन गरेको छैन ।

१०. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश सरकारको कार्य विभाजन नियमावली अनुसार प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण तयार गर्ने र सरकारी बाँकी रकमको लगत कायम गरी असुलउपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । संघीय सरकार अन्तर्गत रहेका कृषि, वन, सिँचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालय प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा समाहित भएको अवस्थामा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी संरक्षण गर्ने तथा सरकारी बाँकी रकमको लगत तयार गरी असुल उपर गर्ने कार्य भएको देखिएन । कानुनले तोके अनुसार मातहत कार्यालयको सम्पत्ति तथा बाँकी रकमको लगत अद्यावधिक गरी संरक्षणको उपयुक्त व्यवस्था गर्नु पर्दछ ।

११. **सेवा प्रवाह -** राज्यले उपलब्ध गराउने सेवा चुस्त र भरपर्दो गरी प्रवाह गर्ने उद्देश्यले अङ्गीकार भएको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारले सेवा प्रवाह व्यवस्थित गर्नु पर्दछ । प्रदेश सरकार सञ्चालन गर्न तर्जुमा गर्नुपर्ने गरी विभिन्न मन्त्रालयको लागि पहिचान गरिएका ९९ कानुन मध्ये २५ मात्र निर्माण भएको र सो मध्ये २ कानुन प्रदेश सभाबाट पारित हुन बाँकी रहेको छ । विभिन्न मन्त्रालयको लागि निर्धारण गरिएको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा अन्य मन्त्रालयले सेवा प्रवाह नियमित र व्यवस्थित गर्न थप नीति निर्धारण गर्ने कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमन जस्ता कार्य हुन बाँकी रहेको अवस्था छ । यसका कारण प्रदेश सरकारबाट अपेक्षित रुपमा सेवा प्रवाह हुनसकेको पाइएन । प्रदेश सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाह चुस्त र प्रभावकारी बनाउनु पर्दछ ।

१२. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

१३. **वित्तीय जवाफदेहिता -** सार्वजनिक निकायले विभिन्न ऐन कानुन एवं कार्यविधिमा भएको व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यवस्थापकीय, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र खरिद व्यवस्थापन पक्षसँग सम्बन्धित विभिन्न २० सूचकको आधारमा प्रदेश तहका निकायको वित्तीय जवाफदेहिता मूल्यांकन गर्दा थप सुधार गर्दै जानुपर्ने देखिएको छ ।

# परिच्छेद – ३
# मन्त्रालय र निकायगत व्यहोरा

## प्रदेश सभा सचिवालय

संविधानले लिएका उद्देश्य हासिल गर्ने विधायिकी सरकार गठन गर्ने प्रयोजनको लागि २०७४।१०।७ मा प्रदेश सभाका सदस्यको सपथग्रहण भएसँगै प्रदेश सभाको गठन भएको देखिन्छ। प्रदेश संसदको काम कारबाहीमा सहयोग गर्न प्रदेश सभा सचिवालय रहेको छ।

यो वर्ष विनियोजन रु.७ करोड ७० लाख २८ हजार, राजस्व रु.१८ हजार, धरौटी रु.१० लाख २६ हजार समेत रु.७ करोड ८० लाख ७२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **दरबन्दी र पदपूर्ति -** सचिवालयलाई तोकेको जिम्मेवारी पुरा गर्न आवश्यकतानुसार कर्मचारीको दरबन्दी स्वीकृत गरी पदपूर्ति हुनुपर्नेमा स्वीकृत दरबन्दी ३६ मध्ये २५ पदपूर्ति भएको देखिन्छ। पदपूर्ति मध्ये २१ स्थायी र ४ करारमा कार्यरत रहेका छन्। दरबन्दीबमोजिम पदपूर्ति हुनुपर्दछ।

२. **पुँजीगत खर्च -** सचिवालयको लागि रु.२ करोड ५० लाख पुँजीगत बजेट प्राप्त भएकोमा रु.१ करोड १९ लाख ८ हजार खर्च भएको देखिन्छ। उक्त खर्चमध्ये फर्निचरमा रु.२५ लाख ६२ हजार, सवारी साधनमा रु.६० लाख ३८ हजार र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायतको मेशिनरी औजारमा रु.३३ लाख ८ हजार खर्च गरेको देखिन्छ। खरिद मध्ये सवारी साधन क्याटलग सपिङ्ग विधिबाट र फर्निचर एवं मेशिनरी औजार सोझै खरिद गरेको देखिन्छ।

३. **मासिक सुविधा -** यो वर्ष प्रदेश सभाका सभामुख, उपसभामुख तथा सदस्यको परिश्रमिक र सुविधा तोक्ने सम्बन्धी मन्त्रिपरिषद्को आदेश, २०७५ बमोजिम मासिक सुविधा भुक्तानी गरेको देखिन्छ।

| सुविधाको किसिम | इकाई दर | सभामुख | उप सभामुख / प्रतिपक्ष दलको नेता | मुख्य सचेतक/प्रमुख सचेतक/सभापति | प्रदेश सभा सदस्य |
|---|---|---|---|---|---|
| पारिश्रमिक | मासिक रु. | ५३,०००/- | ५०,०००/- | ४९,०००/- | ४५,०००/- |
| आवास सुविधा | मासिक रु. | आवास दिने | आवास दिने/रु.२५,०००/- | २५,०००/- | १५,०००/- |
| फर्निचर | एकमुष्ठ रु. | - | १५,०००/- | १५,०००/- | १५,०००/- |
| निजी सचिवालय बस्दोबस्त | मासिक रु. | २,०००/- | १,७५०/- | १,७५०/- | - |
| सवारी | वटा | १ | १ | - | - |
| सवारी इन्धन | मासिक लिटर | १२५ | १०० | - | - |
| मोविल | त्रैमासिक लिटर | १० | ५ | - | - |
| यातायात सुविधा | प्रति दिन | - | - | - | ७५०/- |
| सञ्चार सुविधा | प्रति महिना रु. | १०,०००/- | ५,०००/- | ५,०००/- | ५,०००/- |
| धारा बिजुली | प्रति महिना रु. | बिलबमोजिम | बिलबमोजिम १,५००/- | १,५००/- | १,५००/- |
| दैनिक भ्रमण भत्ता, स्वदेश | प्रतिदिन रु. | २,५००/- | २,०००/- | २,०००/- | २,०००/- |
| दैनिक भ्रमण भत्ता, बिदेश | प्रतिदिन यु.एस.डलर | २००.०० | १७५.०० | १७५.०० | १७५.०० |
| अतिथि सत्कार | प्रति महिना रु. | ३,०००/- | २,५००/- | २,५००/- | १,०००/- |

४. **आवास सुविधा/घरभाडा -** सभामुख र उप सभामुखलाई आवास सुविधा उपलब्ध गराउने, प्रतिपक्ष दलका नेता, मुख्य सचेतक, प्रमुख सचेत र सभापतिलाई मासिक रु.२५ हजार र प्रदेश सभा सदस्यलाई मासिक रु.१५ हजारका दरले घरभाडा उपलब्ध गराउने व्यवस्थाबमोजिम सभामुख र उप सभामुखलाई आवास सुविधा उपलब्ध गराएको, प्रतिपक्ष दलका नेता, मुख्य सचेतक, प्रमुख सचेत र सभापति समेत ८ जनालाई मासिक रु.२५ हजारका दरले २०७५ माघ ७ गते महिनाको रु.९ लाख ८९ हजार, प्रदेश सभा सदस्य ९३ जनालाई रु.१५ हजारका दरले रु.८० लाख ३ हजार, मन्त्रीहरु मन्त्री हुनुभन्दा अगाडि ६ जनाको रु.१ लाख १२ हजार घरभाडा उपलब्ध गराई कुल रु.९१ लाख ६ हजार खर्च लेखेको छ । घरभाडा भुक्तानी गर्दा प्रदेश राजधानीमा घर हुने र नहुनेलाई समान रुपमा उपलब्ध गराएको पाइयो । प्रदेश राजधानीमा घर हुने र नहुनेलाई समान रुपले घरभाडा उपलब्ध गराएको उपयुक्त देखिएन । पारिश्रमिक र सुविधा तोक्ने सम्बन्धी मन्त्रिपरिषद्को आदेशमा यस सम्बन्धमा स्पष्ट उल्लेख नभएको कारण सबैलाई तोकेबमोजिमको घरभाडा प्रदान गरेको व्यहोरा र २०७५ भाद्र १ गते देखि कानुनमा संशोधन भए पश्चात प्रदेश राजधानिमा घर हुनेलाई तोकेको घरभाडाको आधा रकम मर्मत खर्च प्रदान गर्ने गरेको व्यहोरा छलफलको क्रममा जानकारी हुन आएको छ ।

५. **समिति गठन र कार्यक्षेत्र -** प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिम प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा रायसल्लाह दिनका लागि देहायबमोजिमको कार्यक्षेत्र रहने गरी समिति गठनको व्यवस्था रहेको छ :

| क्र.सं. | समितिको नाम | कार्यक्षेत्र |
|---|---|---|
| १. | प्रदेश मामिला समिति | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, उपभोक्ता हित सम्बन्धी । |
| २. | अर्थ तथा विकास समिति | आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार तथा विकास मन्त्रालय । |
| ३. | सार्वजनिक लेखा समिति | सार्वजनिक लेखा सम्बन्धी । |
| ४. | शिक्षा, स्वास्थ्य तथा कृषि समिति | भूमि, कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय । |
| ५. | उद्योग, पर्यटन तथा वातावरण समिति | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय । |

संविधानको धारा २९४(३) मा संवैधानिक निकायले प्रत्येक प्रदेशको कामकारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने उल्लेख छ । यस व्यवस्थाअनुसार महालेखापरीक्षकले प्रदेश प्रमुखलाई पेश गर्ने प्रतिवेदन प्रदेश सभाको लेखा समितिमा छलफल हुनुपर्नेमा प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ मा उल्लेख भएको सार्वजनिक लेखा समितिको कार्यक्षेत्रमा महालेखापरीक्षकको प्रतिवेदन माथि छलफल सम्बन्धी व्यवस्था समावेश भएको देखिएन ।

६. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्ष र प्रभावकारी रुपले सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न कार्य प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा तयार गरेको देखिएन । कामको प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** सचिवालयको यो वर्ष फछ्र्यौट गर्नुपर्ने लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेशभित्रको शासन व्यवथाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने, प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.३ करोड ७० लाख ४७ हजार र धरौटी रु.५ लाख ४७ हजार समेत रु.३ करोड ७५ लाख ९४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **कार्य सम्पादन स्थिति -** स्वीकृत वार्षिक कार्यक्रममा प्रदेश सरकारबाट जारी गर्नुपर्ने ऐन कानुनको निर्माण गर्ने उल्लेख छ । यस कार्यको लागि रु.५ लाख बजेट विनियोजन भएकोमा रु.४ लाख ३२ हजार खर्च भएको छ । प्रदेश सरकारले करिब १०० किसिमको कानुन निर्माण गर्नुपर्ने देखिएकोमा २५ बिधेयक तयार गरेको मध्ये २३ विधेयक प्रदेश सभाबाट पारित भएको छ । त्यस्तै ९ नियमावली र कार्यविधि तयार भई कार्यान्वयनम रहेको छ ।

२. **कार्य जिम्मेवारी -** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सम्पादन गर्नुपर्ने गरी विभिन्न कार्य जिम्मेवारीहरु तोकिएको मध्ये प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्यांकन, प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन एवं प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमन लगायतको कार्य हुन बाँकी रहेको देखिन्छ । कार्यालय स्थापना भएको छोटो समयमा उक्त कार्य सम्पन्न गर्न नसकिएको र आवश्यकता अनुसार तयार गरी कार्यन्वयन गर्दै लगिने कार्यालयको भनाई रहेको छ ।

३. **संगठन र कर्मचारी व्यवस्थापन -** प्रदेश सरकारको कार्य सम्पादन गर्न आवश्यक संगठन र कर्मचारीको व्यवस्था हुनुपर्दछ । प्रदेश नं.३ अन्तर्गत संघीय मामिला तथा स्थानीय बिकास मन्त्रायलबाट २०७५।१२।१४ मा प्राप्त विवरणको आधारमा प्रदेश अन्तर्गतका कार्यालयहरुमा ३९०६ दरबन्दी स्वीकृत गरेकोमा २५२५ जनाको समायोजन भएको विवरण प्राप्त भएको छ । स्वीकृत दरबन्दीको तुलनामा ६४.६४ प्रतिशत मात्र समायोजन भएको अवस्थामा प्रदेश सरकारको कार्यसम्पादन तथा सेवा प्रवाह प्रभावकारी हुने नदेखिँदा समयमै पदपूर्ति हुनुपर्दछ ।

४. **मासिक सुविधाः** यो वर्ष प्रदेशले मुख्यमन्त्री तथा मन्त्रीको निम्न बमोजिम मासिक सुविधा भुक्तानी गरेको देखिन्छ ।

| सुविधाको किसिम | इकाई दर | मुख्य मन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|
| पारिश्रमिक | मासिक रु. | ६०,९७०/- | ५२,०००/- | ४९,०००/- | ४७,०००/- |
| आवास सुविधा | मासिक रु. | आवास उपलब्ध गराउने | | | |
| फर्निचर | एकमुष्ठ रु. | - | १,००,०००/- | १,००,०००/- | १,००,०००/- |
| सवारी | वटा | १ | १ | १ | १ |
| सवारी इन्धन | मासिक लिटर | १५० | १२५ | १२० | १२० |
| मोविल | त्रैमासिक लिटर | १० | ५ | ५ | ५ |
| संचार सुविधा | प्रतिमहिना रु. | १०,०००/- | ५,०००/- | ५,०००/- | ५,०००/- |
| धारा बिजुली | प्रतिमहिना रु. | विल अनुसार | विल अनुसार | विल अनुसार | विल अनुसार |
| दैनिक भत्ता (स्वदेश) | प्रतिदिन रु. | ३,०००/- | २,५००/- | २,०००/- | २,०००/- |
| दैनिक भत्ता (बिदेश) | प्रतिदिन यु.एस.डलर | २५०.०० | २००.०० | १७५.०० | १७५.०० |
| अतिथि सत्कार | प्रतिदिन रु. | १०,०००/- | ५,०००/- | ३,०००/- | ३,०००/- |

५. **कार्यालय स्थापना -** संविधानको अनुसूची ६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम कृषि, पशु, शिक्षा, स्वास्थ्य लगायतका कार्यक्रमहरु स्थानीय तहमा हस्तान्तरण भएकोमा सोही प्रकृतिको कार्य गर्नेगरी प्रदेश तहमा समेत विभिन्न कार्यालय अस्तित्वमा रहेको देखिन्छ । कार्यक्रम स्थानीय तहमा हस्तान्तरण हुदा समेत संघीय सरकारले खारेज गरेका क्षेत्रीय निर्देशनालयहरु प्रदेश तहमा स्थापना भएबाट काममा दोहोरोपन

एवं प्रशासनिक खर्चमा वृद्धि हुने अवस्था देखिन्छ । संख्यात्मकभन्दा कामको आवश्यकता अनुसार कार्यालय स्थापना हुनुपर्दछ ।

६. **पुँजीगत खर्च -** कार्यालयको लागि पुँजीगत शिर्षकमा रु.१ करोड ९० लाख बजेट विनियोजन भएकोमा रु.१ करोड ८४ लाख ४ हजार खर्च भएको देखिन्छ । खर्च मध्ये फर्निचरमा रु.२४ लाख ६३ हजार, सवारी साधानमा रु.१ करोड २९ लाख ३० हजार र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायतको मेशिनरी औजारमा रु.३० लाख ११ हजार खर्च भएको छ । सवारी साधन क्याटलग सपिङ्ग विधिबाट र फिर्निचर एवं मेशनरी औजार सोझै खरिद गरेको देखिन्छ ।

७. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्था प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणाली विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्ने कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन । कामको प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

८. **वित्तीय जवाफदेहिता -** सचिवालयले कानुन एवं कार्यविधिमा भएको व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यवस्थापकीय स्तर, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र खरिद व्यवस्थापन पक्षसँग सम्बन्धित २० सूचकका आधारमा कार्यालयको वित्तीय जवाफदेहिता मूल्याङ्कन गर्दा थप सुधार गर्दै जानुपर्ने देखिन्छ ।

- **बेरुजू स्थिति –** कार्यालयको यो वर्ष फछ्र्यौट गर्नुपर्ने लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन लगायत प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्यसम्बन्धी नीति, मापदण्ड बनाउने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.२ करोड ७१ लाख ३३ हजार, राजस्व रु.१८ हजार र धरौटी रु.४ लाख ९४ हजार समेत रु.२ करोड ७६ लाख ४५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **बजेट कार्यान्वयन -** प्रदेश सरकारको वार्षिक बजेट र सोको कार्यान्वयन स्थिति विश्लेषण गर्दा निम्नानुसार देखिएको छ ।

१.१. सरकार सञ्चालनको मूल आधार राजस्व संकलन र परिचालन भएतापनि २०७४।७५ मा प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको कर लगाउने र उठाउने सम्बन्धमा प्रस्ताव नगरेको कारण वार्षिक आय व्यय विवरणमा राजस्वको अनुमान समावेश गरेको पाइएन । यो वर्ष प्रदेश सरकारको आम्दानीको स्रोत नेपाल सरकारबाट प्राप्त समानीकरण अनुदान मात्र रहेको देखियो । संघीय सरकारबाट प्राप्त अनुदान रु.१ अर्ब २ करोड ५ लाख प्रदेश सरकारको कुल बजेट रहेको देखिन्छ । विनियोजन मध्ये रु.६३ करोड १४ लाख २१ हजार अर्थात् ६१.८७ प्रतिशत अर्थ बजेट व्यवस्था गरेकोमा खर्च भएको छैन । वर्षभरी रु.२६ करोड ९६ लाख ७४ हजार खर्च भई बैंकबाट भुक्तानी हुन बाँकी समायोजन समेत वर्षान्तमा रु.७५ करोड १० लाख ७४ हजार बजेट बचत भएको पाइयो । छोटो अवधीको लागि बजेट तयार गरेको र नयाँ स्थापना भएका मन्त्रालय लगायतका कार्यालयले प्रस्ताव गरे अनुसारका कार्यक्रम कार्यान्वयन गर्न नसकेको साथै बजेटको उल्लेखनीय हिस्सा अर्थ बजेटको रुपमा राखेकोमा सोको परिचालन नभएको कारण प्रस्तावित बजेटको २६.४३ प्रतिशत मात्र खर्च भएको देखिन्छ ।

१.२. यस आर्थिक वर्षको लागि रु.१ अर्ब २ करोड ५ लाख विनियोजन भएको मध्ये चालु खर्चतर्फ रु.५५ करोड ४८ लाख ६० हजार अर्थात् ५४.१३ प्रतिशत र पुँजीगततर्फ रु.४६ करोड ५६ लाख ४० हजार अर्थात् ४५.४३ प्रतिशत रहेको देखिन्छ । विनियोजन मध्ये रु.२६ करोड ९६ लाख ७४ हजार खर्च भएकोमा चालुतर्फ रु.१४ करोड ५२ लाख ७४ हजार अर्थात् ५३.८७ प्रतिशत र पुँजीगततर्फ रु.१२ करोड ४४ लाख अर्थात् ४६.१३ प्रतिशत खर्च भएको पाइयो । प्रदेश मन्त्रालय र निकाय यसै आर्थिक वर्ष स्थापना भएका कारण चालु खर्च बढी हुने भएपनि यस्तो खर्च न्युनतम राख्न सुरुदेखि नै खर्चमा मितव्ययिताको नीति अवलम्वन गर्नुपर्दछ ।

१.३. बजेटमा समावेश भएको नीति एवं कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा प्रदेश सरकारको आर्थिक व्यवस्थापनको लागि २०७४।७५ को आय व्यय अनुमान (बजेट बक्तव्य) मा उल्लेख भएबमोजिम प्रदेश लोकसेवा आयोगको गठन सम्बन्धी कार्य, प्रदेश गौरवका आयोजनाको छनौट, प्रदेशस्तरको सूचना एकीकृत गर्ने कार्य, प्रादेशिक दुग्ध विकास बोर्ड गठन, मन्त्रालयगत प्रोफाइल र प्रोजेक्ट बैंक तयारी, प्रदेशस्तरीय विपद् व्यवस्थापन कोष, युवा वैज्ञानिक कोष र प्रदेश बाल उद्धार कोषको स्थापना सम्बन्धी कार्य कार्यान्वयन भएको देखिएन । बजेटमा समावेश नीति तथा कार्यक्रम कार्यान्वयको हुन नसेकेको अवस्थामा बजेटको प्रभावकारिता कायम नहुने हुँदा बजेटमा समावेश कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ ।

१.४. प्रदेशको आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि मन्त्रालयले आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने र खर्च संरचना तयार गर्दा आवधिक विकास योजना बनेको भए सोलाई मार्गदर्शनको रुपमा अङ्गिकार गर्नुपर्नेमा २०७४।७५ को बजेट तर्जुमा गर्नु अघि मन्त्रालयले यस्तो व्यवस्था अपनाएको देखिएन ।

१.५. यस आर्थिक वर्षमा ऋण लगानी तथा दायित्व सम्बन्धी विषयमा कुनै कार्य अगाडि नबढेकोले सोको विवरण प्रस्तुत गरेको देखिएन । साथै प्रदेश सरकारबाट वैदेशिक सहायता प्राप्तिको कुनैपनि कार्य अगाडि नबढाएको कारण बजेट सम्बन्धी विवरण समेत समावेश भएको पाइएन । प्रदेशले अन्तरिक ऋण उठाउने विषय समेत बजेटमा समावेश नभएको स्थिति देखिएको छ ।

१.६. यस वर्ष प्रदेशलाई समानीकरण अनुदान मात्र प्राप्त भएकोले सो मात्र बजेटमा समावेश गरेको देखिन्छ । यो वर्ष प्रदेशलाई समपुरक र विषेश अनुदान प्राप्त भएको देखिएन ।

२. **कार्य सम्पादन स्थिति -** वार्षिक स्वीकृत बजेट बमोजिम प्राप्त कार्यक्रम कार्यन्वयन गर्नुपर्नेमा स्वीकृत वार्षिक कार्यक्रममा उल्लेख भए अनुसार प्रदेश गौरव आयोजना अध्ययन र पहिचान, प्रादेशिक आवधिक योजना तर्जुमा र प्रकाशन, अनुगमन तथा मूल्यांकन निर्देशिका निर्माण एवं सवारी साधन खरिद र सार्वजनिक खर्च सम्बन्धी कार्यविधि र मापदण्ड निर्माण लगायतका कार्य कार्यान्वयन भएको पाइएन ।

३. **कार्य जिम्मेवारी -** मन्त्रालयले सम्पादन गर्नुपर्ने गरी विभिन्न जिम्मेवारी तोकिएको मध्ये आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन का साथै प्रादेशिक वित्त सन्तुलन सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन लगायतका कार्य बाँकी रहेको देखिन्छ । छलफलको क्रममा मन्त्रालयले सुरुवाती चरण, कर्मचारी अभाव, राजधानी टुङ्गो नलागेको लगायतको कारण उल्लिखित कार्यक्रम कार्यन्वयन हुन नसेको व्यहोरा जनाएको छ ।

४. **दरबन्दी र पदपूर्ति -** मन्त्रालयलाई तोकेको जिम्मेवारी पुरा गर्न आवश्यकतानुसार कर्मचारीको दरबन्दी स्वीकृत गरी पदपूर्ति हुनुपर्नेमा स्वीकृत दरबन्दी ४८ रहेकोमा २४ पदपूर्ति भएको देखिन्छ । पदपूर्ति मध्ये १९ स्थायी र ५ करारमा कार्यरत रहेको पाइयो । मन्त्रालय मातहत रहेका कार्यालयहरुको पदपूर्ति व्यवस्था अद्यावधिक गर्नुपर्दछ ।

५. **पुँजीगत खर्च -** कार्यालयको लागि रु.१ करोड ६४ लाख ५० हजार पुँजीगत बजेट प्राप्त भएकोमा रु.१ करोड ४० लाख ७७ हजार खर्च भएको देखिन्छ । खर्च मध्ये फर्निचर खरिदमा रु.२३ लाख ७४ हजार, सवारी साधन खरिदमा रु.६८ लाख २९ हजार र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायतको मेशिनरी औजार खरिदमा रु.४८ लाख ७४ हजार खर्च गरेको देखिन्छ । उक्त खरिद मध्ये फर्निचर, मेसिनरी औजार सोझै र सवारी साधन क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइयो । सोझै खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ बमोजिमको प्रकृया अवलम्वन गर्नुपर्दछ ।

६. **सेवा प्रवाह -** राज्यले उपलब्ध गराउने सेवा चुस्त र भरपर्दो गरी प्रवाह गर्ने उद्देश्यले अंगिकार भएको गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारले सेवा प्रवाह व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न तर्जुमा गर्नुपर्ने गरी मन्त्रालयको लागि पहिचान गरिएका कानुन निर्माण कार्य बाँकी रहेको, दरबन्दी बमोजिम पदपूर्ति नभएको, वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, सेवा प्रवाह नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन लगायतको कार्य बाँकी रहेको लगायतका कारण मन्त्रालयबाट अपेक्षित रुपमा सेवा प्रवाह हुन सकेको छैन । मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाह चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

७. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणली तयार गरी लागू गर्नुपर्दछ । यस मन्त्रालयले आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । मन्त्रालयको कार्य प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

८. **अभिलेख व्यवस्थापन -** कानुनको अधिनमा रही प्रदेश सरकारबाट सिर्जित आर्थिक दायित्व तथा नेपाल सरकारबाट सम्झौता तथा निर्णय भई हस्तान्तरण भई आएका वा प्रदेश सरकारबाट राजस्व छुट दिन प्रतिबद्धता जनाएको रकमको व्यहोरा देखिने गरी लेखा तथा सोको अभिलेख राख्नुपर्ने व्यवस्था छ । छुट तथा प्रतिवद्धताको अद्यावधिक अभिलेख तयार गर्नुपर्दछ ।

- **वित्तीय सुशासन -** प्रभावकारी वित्तीय व्यवस्थापन मार्फत सार्वजनिक आय तथा व्ययको सर्वोत्तम परिचालन, त्यसको लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण मार्फत वित्तीय व्यवस्थापनमा पारदर्शीता र जवाफदेहिता अभिवृद्धि गर्नु प्रदेश सरकारको दायित्व हो । सार्वजनिक वित्तीय व्यवस्थापन प्रभावकारी बनाउन सार्वजनिक आय र व्ययको अद्यावधिक स्थितिको लेखाङ्कन गर्दा प्रतिवेदन प्रणाली व्यवस्थित बनाउनु आवश्यक छ ।

समयमै कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना बनाउनुपर्ने देखिन्छ । ठेक्का बन्दोवस्त, चालु खर्चको सिमा निर्धारण, आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण, जस्ता क्षेत्रमा चुनौति रहेका छन् । चुनौति सम्बोधन गर्न बजेट सूचना व्यवस्थापन प्रणाली, लागत लाभको विश्लेषण सहितको योजना तथा कार्यक्रम, सार्वजनिक क्षेत्र लेखामान, कम्प्यूटरमा आधारित लेखा प्रणालीको प्रयोग जस्ता क्षेत्रमा सुधार गरी वित्तीय व्यवस्थापनमा जवाफदेहिता अभिवृद्धि गर्न मन्त्रालयको ध्यानाकर्षण गर्नुपर्ने देखिन्छ ।

- **बेरुजू स्थिति –** मन्त्रालयको यो वर्ष फछ्र्यौट गर्नुपर्ने लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

# आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन सूचना संकलन, मूल्यांकन र प्रतिवेदन तथा संघसंगको समन्वय र सहकार्यमा सहप्रशासन, कानुन निर्माण र प्रदेश स्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.२ करोड ५४ लाख ५५ हजार, राजस्व रु.२५ हजार र धरौटी रु.१ लाख १० हजार समेत रु.२ करोड ५५ लाख ९० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कानुन तर्जुमा -** स्वीकृत वार्षिक कार्यक्रममा मन्त्रालयले प्रदेश सरकारबाट जारी गर्नुपर्ने कानुन तयार गरी प्रदेश सभामा पेश गर्नुपर्ने उल्लेख छ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार विभिन्न मन्त्रालयको लागि पहिचान गरेका ९९ नयाँ कानुन बनाउनु पर्नेगरी तिनको प्राथमिकताक्रम देहायअनुसार निर्धारण गरेको देखिन्छ :

| सि.नं. | मन्त्रालय | पहिलो प्राथमिकता | दोस्रो प्राथमिकता | तेस्रो प्राथमिकता | जम्मा |
|---|---|---|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ११ | ५ | ० | १६ |
| २ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १० | ७ | ० | १७ |
| ३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ११ | ५ | ८ | २४ |
| ४ | भौतिक पूर्वाधार विकास मन्त्रालय | २ | ४ | १ | ७ |
| ५ | सामाजिक विकास मन्त्रालय | ७ | ३ | ० | १० |
| ६ | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | ५ | ५ | २ | १२ |
| ७ | भूमि कृषि तथा सहकारी मन्त्रालय | ५ | ८ | ० | १३ |
| | **जम्मा** | **५१** | **३७** | **११** | **९९** |

यसरी ९९ कानुन निर्माण गनुपर्ने गरी प्राथमिकता निर्धारण गरेको भएता पनि २०७५ मंसिरसम्म विभिन्न २५ कानुन निर्माण भई प्रदेश संसदमा पेश भएकोमा २३ पारित भएको र २ पारित हुन बाँकी रहेको देखिन्छ । सेवा प्रवाह प्रभावकारी तुल्याउन समयमा आवश्यक कानुन निर्माण गर्नुपर्दछ ।

२. **संघीय र प्रदेश कानुन -** प्रदेश सरकारले संघीय कानुनसँग समाञ्जस्य हुने गरी कानुन निर्माण गर्नुपर्दछ निर्माण भएका केही कानुन संघीय कानुनसँग मेल खाएको छैन । उदाहरणको लागि प्रदेश नं.३ ले निर्माण गरेको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५(२) मा महालेखापरीक्षकबाट औंल्याएको बेरुजु सम्बन्धित कार्यालयले फछ्र्यौट र सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ३८ मा लेखापरीक्षणबाट दर्शाइएका बेरुजु सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट नियमित, फछ्र्यौट तथा सम्परीक्षण हुने र सो कार्यको अनुगमन महालेखापरीक्षकको कार्यालयले गर्ने व्यवस्था गरेको पाइयो । उक्त व्यवस्था आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १८ मा बेरुजु फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने र फछ्र्यौट भएको व्यहोरा दफा १९(१) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गराउनु पर्ने व्यवस्था भन्दा भिन्न रहेको छ । सम्परीक्षण लेखापरीक्षणकै अङ्ग भएकोले उक्त कार्य सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट हुने व्यवस्था उचित देखिएको छैन । यस व्यवस्थामा पुनरावलोकन हुनुपर्दछ ।

३. **कार्य जिम्मेवारी -** मन्त्रालयले सम्पादन गर्नुपर्ने गरी तोकिएको जिम्मेवारी मध्ये प्रदेश प्रहरी गठन, व्यवस्थापन र सञ्चालन, गैरसरकारी, संस्थाको अभिलेख र समन्वय, विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण सम्बन्धी नीति तर्जुमा लगायतका कार्य हुन बाँकी रहेको छ ।

४. **प्रदेश प्रहरी, प्रशासन र शान्ति सुरक्षा -** प्रदेशमा सरकारले आवश्यकतानुसार प्रदेश प्रहरी, प्रशासन एवं प्रदेशको अमनचयन तथा शान्ति सुरक्षाको संगठनात्मक व्यवस्था गर्न सक्ने व्यवस्था बमोजिमको कार्य बाँकी रहेको छ ।

५. **दरबन्दी र पदपूर्ति -** तोकेको जिम्मेवारी पुरा गर्ने दरबन्दी अनुसार पदपूर्ति हुनुपर्नेमा स्वीकृत दरबन्दी ३८ रहेकोमा २४ पदपूर्ति भएको देखिन्छ । पदपूर्ति मध्ये १९ स्थायी र ५ करारमा कार्यरत रहेको पाइयो । मन्त्रालयको दरबन्दी र पदपूर्ति अवस्था अद्यावधिक गरेको छैन । अद्यावधिक गरी पद रिक्त नहुने गरी सुधार गर्नुपर्दछ ।

६. **आर्थिक सहायता -** प्रदेश मन्त्रीपरिषद्को निर्णयअनुसार दिवगंत माननीय सांसद हरिशरण लामिछानेको परिवारलाई रु.१० लाख आर्थिक सहायता प्रदान गरेको देखिन्छ । प्रदेश सरकारले आर्थिक सहायता बितरण सम्बन्धी कार्यविधि बनाएको नदेखिएकोले यस्तो खर्च नियमसम्मत देखिएन । यस्तो खर्च व्यवस्थित गर्न आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि निर्माण गर्नुपर्दछ ।

७. **पुँजीगत बजेट खर्च -** मन्त्रालयको लागि रु.१ करोड ८४ लाख ९ हजार पुँजीगत बजेट प्राप्त भएकोमा रु.१ करोड ७३ लाख २९ हजार खर्च भएको देखिन्छ । उक्त खर्च मध्ये फर्निचर खरिदमा रु.२० लाख, सवारी साधान खरिदमा रु.१ करोड २७ लाख ३४ हजार र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायतको मेशिनरी औजार खरिदमा रु.२५ लाख ९५ हजार खर्च गरेको छ । उक्त खरिद मध्ये फर्निचर, मेसिनरी औजार सोझै र सवारी साधन क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइयो । सोझै खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ बमोजिमको प्रकृया अवलम्वन गर्नुपर्दछ ।

८. **सेवा प्रवाह -** राज्यले उपलब्ध गराउने सेवा चुस्त र भरपर्दो गरी प्रवाह गर्ने उद्देश्यले अङ्गिकार भएको संघीय शासन व्यवस्था बमोजिम प्रदेश सरकारले सेवा प्रवाह व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न तर्जुमा गर्नुपर्ने गरी मन्त्रालयको लागि पहिचान गरेको कानुन निर्माण कार्य बाँकी रहेको, दरबन्दी बमोजिम पदपूर्ति नभएको, वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, सेवा प्रवाह नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमन लगायतको कार्य हुन बाँकी रहेको कारण मन्त्रालयबाट अपेक्षित रुपमा सेवा प्रवाह हुन सकेको छैन । मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाह चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

९. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्था प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गर्ने कार्य मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ । यस मन्त्रालयले आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । मन्त्रालयको कार्य प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** मन्त्रालयको यो वर्ष रु.६ लाख १२ हजार बेरुजु देखिएको छ । यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

व्यापार वाणिज्य र बजार प्रतिस्पर्धासम्बन्धी प्रादेशिक नीति कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन ऐन, नियम, खानी तथा खनिज पदार्थको अन्वेषणसम्बन्धी प्रादेशिक नीति, प्रदेशस्तरको संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन, प्रदेशभित्र भूस्खलन नियन्त्रण जस्ता कार्य गर्ने गरी यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.२ करोड ३० लाख ७३ हजार, राजस्व रु.३२ हजार र धरौटी रु.८ लाख ४२ हजार समेत रु.२ करोड ३९ लाख ४७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य सम्पादन स्थिति –** स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यन्वयन गर्नुपर्नेमा प्रदेश गौरवको आयोजनाको सम्भाब्यता अध्ययन, परियोजना बैंक निमाण, पर्यटन सर्किट लगायतको पर्यटकीय सम्भावनाको खोज प्यारागलाईडिङ्ग, र्‍याफ्टिङ्ग, बञ्जी जम्पिङ्ग, हट एयर बेलुनिंङ्ग जस्ता साहसिक पर्यटन प्रवर्द्धन गरी आयआर्जन र राजस्व वृद्धिको माध्यमको रुपमा विकास गर्न आवश्यक कार्य गरेको देखिएन । स्वीकृत कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

२. **कार्य जिम्मेवारी –** मन्त्रालयले सम्पादन गर्नुपर्ने गरी जिम्मेवारी तोकिएको मध्ये व्यापार वाणिज्य र प्रतिस्पर्धा सम्बन्धी नीति निर्माण, सिन्डिकेट तथा कार्टेलिङ्ग नियन्त्रण, कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण, हानिकारक पदार्थको प्रयोगमा नियमन तथा व्यवस्थापन लगायतका कार्य बाँकी रहेको देखिन्छ ।

३. **दरबन्दी र पदपूर्ति –** मन्त्रालयलाई तोकेको जिम्मेवारी पुरा गर्न आवश्यकतानुसार कर्मचारी दरबन्दी स्वीकृत गरी पदपूर्ति हुनुपर्नेमा स्वीकृत दरबन्दी ४५ मध्ये २८ पदपूर्ति भएको देखिन्छ । पदपूर्ति मध्ये २३ स्थायी र ५ करारमा कार्यरत रहेको पाइयो । कर्मचारी व्यवस्था गरी सेवा प्रवाह सुदृढ गर्नुपर्दछ ।

४. **पुँजीगत बजेट खर्च –** पुँजीगत खर्चका लागि रु.१ करोड ६० लाख ९२ हजार बजेट प्राप्त भएकोमा रु.१ करोड ३० लाख ५२ हजार खर्च भएको देखिन्छ । खर्च मध्ये फर्निचर खरिदमा रु.२५ लाख ९१ हजार, सवारी साधान खरिदमा रु.२१ लाख ९० हजार र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायतको मेशिनरी औजार खरिदमा रु.८२ लाख ७१ हजार खर्च गरेको छ । फर्निचर र मेशिनरी औजार सोझै तथा सवारी साधन क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइयो । सोझै खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ अनुसारको प्रकृया अवलम्वन गर्नुपर्दछ ।

५. **खानी अन्वेषण र व्यवस्थापन –** रोजगारी सिर्जना, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापनको लागि औद्योगिक क्षेत्रको भूमिकामा वृद्धि गर्नु, कच्चापदार्थको व्यवस्थापन गरी औद्योगिक वातावरण सिर्जना गर्नु प्रदेश सरकारको दायित्व रहेको छ । प्रदेशभित्र खानीजन्य वस्तुको अनुसन्धान, अन्वेषण र उत्खनन् कार्य अगाडि बढाई उद्योगको विकास गर्नु र सीपमूलक रोजगारी प्रवर्द्धन गर्नु प्रदेश सरकारको जिम्मेवारी रहेको छ । यस सम्बन्धी कार्य हुन बाँकी देखिएकोले यथाशीघ्र सुरु गर्नुपर्दछ ।

६. **सेवा प्रवाह –** राज्यको सेवा चुस्त र भरपर्दो गरी प्रवाह गर्ने उद्देश्यले अङ्गीकार भएको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारले सेवा प्रवाह व्यवस्थित गर्नु पर्दछ । प्रदेश सरकार सञ्चालन गर्न तर्जुमा गर्नुपर्ने गरी मन्त्रालयको लागि पहिचान गरेका कानुन निर्माण कार्य बाँकी रहेको, दरबन्दी बमोजिम पदपूर्ति नभएको, वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, सेवा प्रवाह नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन लगायतको कार्य बाँकी रहेको कारण मन्त्रालयबाट अपेक्षित रुपमा सेवाप्रवाह हुन सकेको छैन । मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाह चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

७. **आन्तरिक नियन्त्रण –** आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्था प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणली तयार गरी लागू गर्नुपर्दछ । यस मन्त्रालयले आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । मन्त्रालयको कार्य प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** मन्त्रालयको यो वर्ष फछ्र्यौट गर्नुपर्ने लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेशभित्रको कृषि, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण खाद्य पोषणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने उद्देयले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.२ करोड ६५ लाख ७५ हजार, राजस्व रु.८ हजार र धरौटी रु.५ लाख २२ हजार समेत रु.२ करोड ७१ लाख ५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **कार्य सम्पादन स्थिति –** स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यन्वयन गर्नुपर्नेमा प्रदेश गौरव आयोजनाको सम्भाब्यता अध्ययन, परियोजना बैंक निमाण एवं प्रादेशिक दुग्ध विकास बोर्ड गठन लगायतका कार्य भएको देखिएन । स्वीकृत कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

२. **कार्य जिम्मेवारी –**मन्त्रालयले सम्पादन गर्नुपर्ने गरी जिम्मेवारी तोकिएको मध्ये भूमि व्यवस्थापन, भू-उपयोग तथा चक्लाबन्दी, कृषि तथा पशु विकास, सहकारी, सुरक्षित बसोबास तथा जग्गा विकास लगायतका विषयमा नीति, कानुन, योजना तथा मापदण्ड तर्जुमा, कार्यान्वयन एवं नियमन लगायतका कार्य बाँकी रहेको देखिन्छ ।

३. **दरबन्दी र पदपूर्ति –** मन्त्रालयलाई तोकेको जिम्मेवारी पुरा गर्न आवश्यकतानुसार कर्मचारी दरबन्दी स्वीकृत गरी पदपूर्ति हुनुपर्नेमा स्वीकृत दरबन्दी ७३ मध्ये ४५ पदपूर्ति भएको देखिन्छ । पदपूर्ति मध्ये ४१ स्थायी र ४ करारमा कार्यरत रहेको पाइयो । कर्मचारी व्यवस्था गरी सेवा प्रवाह सुदृढ गर्नुपर्दछ ।

४. **पुँजीगत खर्च –** पुँजीगत खर्चका लागि रु.१ करोड ५० लाख बजेट प्राप्त भएकोमा रु.१ करोड ४६ लाख ६६ हजार खर्च भएको देखिन्छ । खर्च मध्ये फर्निचर खरिदमा रु.३२ लाख, सवारी साधान खरिदमा रु.७७ लाख १२ हजार, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायतको मेशिनरी औजार खरिदमा रु.३० लाख ९५ हजार र कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिदमा रु.६ लाख ५९ हजार खर्च गरेको छ । फर्निचर तथा मेशिनरी औजार सोभैं एवं सवारी साधन क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइयो । सोभैं खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ अनुसारको प्रकृया अवलम्वन गर्नुपर्दछ ।

५. **बृत्तचित्र –** कृषि तथा पशु विकास सम्बन्धी बृत्तचित्र निर्माण गर्न मन्त्रालय र एक मिडिया हाउस बीच भएको सम्झौतामा उक्त बृत्तचित्र राष्ट्रिय सरकारी मिडियाबाट कम्तीमा एक पटक प्रसारण गर्नुपर्ने सर्त रहेकोमा प्रसारण भएको प्रमाण संलग्न नगरी बृत्तचित्रको सि.डी. प्राप्त भएको आधारमा रु.३ लाख ६० हजार भुक्तानी गरेको देखिन्छ । सम्झौताबमोजिम प्रसारण भएको प्रमाण पेश गर्नुपर्दछ ।

६. **सेवा प्रवाह –** राज्यले सेवा चुस्त र भरपर्दो गरी प्रवाह गर्ने उद्देश्यले अङ्गिकार भएको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारले सेवा प्रवाह व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न तर्जुमा गर्नुपर्ने गरी मन्त्रालयको लागि पहिचान गरेका कानुन निर्माण कार्य बाँकी रहेको, दरबन्दी बमोजिम पदपूर्ति नभएको, वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, सेवा प्रवाह नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन लगायतको कार्य बाँकी रहेको कारण मन्त्रालयबाट अपेक्षित रुपमा सेवा प्रवाह हुन सकेको छैन । मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाह चुस्त र प्रभावकारी बनाउनु पर्दछ ।

७. **आन्तरिक नियन्त्रण –** आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्था प्रभावकारी बनाउन मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ ।

८. **भूमि व्यवस्थापन –** भूमिमा रहेको दोहोरो स्वामित्वको अन्त, किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमि व्यवस्थापन, जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि, भू-उपयोग नीति तथा कानुन, भूमिको उत्पादनशीलता र समुचित उपयोग, कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्न प्रदेश सरकारले भूमि व्यवस्थापन गरी जग्गाको अभिलेख व्यवस्थित गर्नुपर्ने व्यवस्था छ। प्रदेश अन्तर्गत यस सम्बन्धी कार्य सुरु हुन बाँकी रहेको देखिन्छ।

९. **सहकारी –** आर्थिक र समाजिक विकासमा सहकारी क्षेत्रको योगदान उल्लेख्य रहेको छ। प्रदेशभित्र छरिएर रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गराई अर्थतन्त्रमा सहकारीको योगदान वृद्धि गर्नुपर्ने अवस्था छ। प्रदेश अन्तर्गत २०७४ असार मसान्तसम्म विभिन्न प्रकृतिका ११ हजार ५७७ सहकारी संस्थाहरु क्रियाशील छन्। सहकारीले संकलन गरेको पूँजीलाई कृषि, पर्यटन, उद्योग र उर्जा जस्ता क्षेत्रमा परिचालन गर्न पनि आवश्यक देखिन्छ। पूँजी र सीपमूलक तालिम, सहुलियत कर्जा, युवा स्वरोजगार, बचत सुरक्षण वीमा आदि कार्यक्रमलाई कार्यान्वयनमा ल्याउनु पर्ने देखिएको छ।

१०. **कृषि तथा पशु विकास –** प्रदेश जनसंख्याको चापलाई धान्न सक्ने गरी खाद्य तथा आधारभूत आवश्यकता पूरा गर्न कृषि तथा पशु सम्बन्धी उत्पादन र उत्पादकत्व बढाउनु पर्ने स्थिति छ। अव्यवस्थित शहरीकरण, जग्गाको खण्डीकरण र घडेरीमा परिवर्तन, जग्गा बाँझो राख्ने प्रवृत्ति कृषि क्षेत्रका प्रमुख बाधकको रुपमा देखिएको छ। माछा, मासु, अण्डा र दुधको आपूर्ति गर्न पशुपक्षी व्यवसायीकरण कार्यक्रम अगाडि बढाउनु पर्ने देखिन्छ। उल्लिखित विषयहरु सम्बोधन हुनेगरी नीति निर्माण, कार्यान्वयन एवं अनुगमन गर्नुपर्दछ।

- **बेरुजू स्थिति –** मन्त्रालयको यो वर्ष रु.३ लाख ६० हजार प्रमाण पेश गर्नुपर्ने बेरुजु देखिएको छ। यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ।

# भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेशस्तरको सडक, ऊर्जा, विद्युत, सिँचाइ, खानेपानी जल उतपन्न प्रकोप र (नदी तथा पहिरो) व्यवस्थापनसम्बन्धी अध्ययन अनुसन्धान नीति, कानुन, मापदण्ड, गुरुयोजना कार्यान्वयन समन्वय र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.२ करोड २१ लाख २३ हजार, राजस्व रु.२० हजार र धरौटी रु.३ लाख ३ हजार समेत रु.२ करोड २४ लाख ४६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । कारोवारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्यक्रम कार्यान्वयन –** स्वीकृत वार्षिक बजेट बमोजिमका कार्यक्रम कार्यन्वयन गर्नुपर्नेमा मन्त्रालय सम्बद्ध प्रदेश गौरवका आयोजना अध्ययन र पहिचान, मन्त्रालयको प्रोफाइल निर्माण, यातायात व्यवस्थापन योजना निर्माण, खानेपानी तथा सिंचाई सम्बन्धी रणनीति, प्रदेश वैकल्पिक उर्जाको अध्ययन एवं यातायात व्यवस्थापन नीति निर्माण लगायतका कार्यहरु कार्यान्वयन भएको देखिएन । लक्षित उद्देश्य प्राप्त हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

२. **कार्य जिम्मेवारी –** मन्त्रालयले सम्पादन गर्नुपर्ने गरी जिम्मेवारी तोकिएको मध्ये प्रदेशको उर्जा, विद्युत, सिंचाई, खानेपानी, यातायात सम्बन्धी नीति, कानुन, मापदण्ड निर्माण, सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण लगायतका कार्य बाँकी रहेको देखिन्छ । यसैगरी प्रदेश लोकमार्ग, सकड, पुल, झोलुङ्गेपुल सम्बन्धी नीति, कानुन, मापदण्ड निर्माण एवं सडक अधिकार क्षेत्रको संरक्षण सम्बन्धी कार्य समेत हुन बाँकी देखिएको छ ।

३. **दरबन्दी र पदपूर्ति –** मन्त्रालयलाई तोकेको जिम्मेवारी पुरा गर्न आवश्यकतानुसार कर्मचारी दरबन्दी स्वीकृत गरी पदपूर्ति हुनुपर्नेमा स्वीकृत दरबन्दी ५५ मध्ये २८ पदपूर्ति भएको देखिन्छ । पदपूर्ति मध्ये २१ स्थायी र ७ करारमा कार्यरत रहेको पाइयो । दरबन्दी बमोजिमको कर्मचारी पदपूर्ति हुनुपर्दछ ।

४. **पुँजीगत खर्च –** पुँजीगत खर्चका लागि रु.१ करोड ५० लाख बजेट प्राप्त भएकोमा रु.१ करोड ४६ लाख ८९ हजार खर्च भएको देखिन्छ । खर्च मध्ये फर्निचर खरिदमा रु.२४ लाख ६९ हजार, सवारी साधन खरिदमा रु.८९ लाख १५ हजार र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायतको मेशिनरी औजार खरिदमा रु.२९ लाख ८२ हजार र कम्प्युटर सफ्टवेयर खरिदमा रु.३ लाख २३ हजार खर्च गरेको छ । फर्निचर तथा मेशिनरी औजार सोझै खरिद गरेको एवं सवारी साधन क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइयो । सोझै खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ अनुसारको प्रकृया अवलम्वन गर्नुपर्दछ ।

५. **सेवा प्रवाह –** राज्यले सेवा चुस्त र भरपर्दो गरी प्रवाह गर्ने उद्देश्यले अङ्गिकार भएको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारले सेवा प्रवाह व्यवस्थित गर्नु पर्दछ । प्रदेश सरकार सञ्चालन गर्न तर्जुमा गर्नुपर्ने गरी मन्त्रालयको लागि पहिचान गरेका कानुन निर्माण कार्य बाँकी रहेको, दरबन्दी बमोजिम पदपूर्ति नभएको, वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, सेवा प्रवाह नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन लगायतको कार्य बाँकी रहेको कारण मन्त्रालयबाट अपेक्षित रुपमा सेवा प्रवाह हुन सकेको छैन । मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनु पर्दछ ।

- **आन्तरिक नियन्त्रण –** आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्था प्रभावकारी बनाउन मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणली तयार गरी लागू गर्नुपर्दछ । यस मन्त्रालयले आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । मन्त्रालयको कार्य प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** मन्त्रालयको यो वर्ष फछर्यौट गर्नुपर्ने लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण अनुसूची ३ मा रहेको छ ।

# सामाजिक विकास मन्त्रालय

प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षासम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, महिला हकसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, समाज कल्याण र संघ संस्थासम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्यांकन खेलखूद प्रशासन र संघ संस्थाको समन्वय र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.२ करोड ८९ लाख २९ हजार, राजस्व रु.३५ हजार र धरौटी रु.९ लाख ५६ हजार समेत रु.२ करोड ९९ लाख २० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य सम्पादन स्थिति –** स्वीकृत वार्षिक बजेट बमोजिमका कार्यक्रम कार्यन्वयन गर्नुपर्नेमा युवा वैज्ञानिक कोष एवं प्रयोगशाला सम्बन्धमा अध्ययन र प्रतिवेदन प्रकाशन गर्ने लक्षित कार्यक्रम कार्यान्वयन भएको छैन । यसैगरी प्रादेशिक शिक्षा, शिक्षालय र शिक्षक सुधार तथा प्रभावकारिता अभिवृद्धि नीति तथा मापदण्ड निर्माण तथा प्रकाशनको कार्य भएको देखिएन । लीक्षत कार्यक्रम कार्यान्वयन गर्ने गरी सुधार गर्नु पर्दछ ।

२. **कार्य जिम्मेवारी –** मन्त्रालयले सम्पादन गर्नुपर्ने गरी जिम्मेवारी तोकिएको मध्ये प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वय र नियमन, शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन, प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन लगायतका कार्य बाँकी रहेको देखिन्छ ।

३. **दरबन्दी र पदपूर्ति –** मन्त्रालयलाई तोकेको जिम्मेवारी पुरा गर्न आवश्यकतानुसार कर्मचारी दरबन्दी स्वीकृत गरी पदपूर्ति हुनुपर्नेमा स्वीकृत दरबन्दी ६८ मध्ये ३९ पदपूर्ति भएको देखिन्छ । पदपूर्ति मध्ये ३१ स्थायी र ८ करारमा कार्यरत रहेको पाइयो ।

४. **पुँजीगत खर्च –** पुँजीगत खर्चका लागि रु.१ करोड ८८ लाख ८० हजार बजेट प्राप्त भएकोमा रु.१ करोड ८४ लाख ५४ हजार खर्च भएको देखिन्छ । खर्च मध्ये फर्निचर खरिदमा रु.२४ लाख १० हजार, सवारी साधन खरिदमा रु.१ करोड २७ लाख ८७ हजार र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायतको मेशिनरी औजार खरिदमा रु.३२ लाख ५७ हजार खर्च गरेको छ । फर्निचर तथा मेशिनरी औजार सोझै खरिद गरेको एवं सवारी साधन क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइयो । सोझै खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ अनुसारको प्रकृया अवलम्वन गर्नुपर्दछ ।

५. **सेवा प्रवाह –** राज्यले सेवा चुस्त र भरपर्दो गरी प्रवाह गर्ने उद्देश्यले अङ्गिकार भएको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारले सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न तर्जुमा गर्नुपर्ने गरी मन्त्रालयको लागि पहिचान गरेका कानुन निर्माण कार्य बाँकी रहेको, दरबन्दी बमोजिम पदपूर्ति नभएको, वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, सेवा प्रवाह नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन लगायतको कार्य बाँकी रहेको कारण मन्त्रालयबाट अपेक्षित रुपमा सेवा प्रवाह हुन सकेको छैन । मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाह चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

६. **आन्तरिक नियन्त्रण –** आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणली तयार गरी लागू गर्नुपर्दछ । यस मन्त्रालयले आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । मन्त्रलयको कार्य प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

७. **प्रदेश स्वास्थ्य सेवा –** नागरिकलाई सुलभ स्वास्थ्य सेवा प्रदान गर्ने एवम् स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्ने विषयलाई सरकारको प्राथमिक क्षेत्रमा पर्दछ। प्रदेशले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवम् गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्ने नीति लिएको छ। निरोधात्मक तथा उपचारात्मक स्वास्थ्य सेवाको लागि प्रदेश सरकारको भूमिका महत्वपूर्ण रहेको छ । जनसंख्याको अनुपात अनुरुप स्वास्थ्य संस्थाहरुको वितरण, सेवा प्रवाहको नियमन र अनुगमन, स्वास्थ्य बीमा, उपचार सहयोग प्रभावकारी बनाउन प्रदेशले समन्वय समेत गर्नुपर्ने व्यवस्था छ। दक्ष स्वास्थ्यकर्मी तथा अत्याधुनिक प्रविधि र उपकरण सहितको स्वास्थ्य सेवा प्रदन गरी पोषणको महत्व बारे जागरण बढाउनु पनि प्रदेश सरकारको भूमिका रहेकोमा यस सम्बन्धी कार्य भएको देखिएन।

- **बेरुजू स्थिति –** मन्त्रालयको यो वर्ष फछ्र्यौट गर्नुपर्ने लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण अनुसूची ३ मा रहेको छ।

# मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटील संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारकोतर्फबाट अदालतमा उपस्थित भई वहस पैरवी गर्ने, गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.२३ लाख ११ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **दरबन्दी र पदपूर्ति -** कार्यालयलाई तोकेको जिम्मेवारी पुरा गर्न आवश्यकतानुसार कर्मचारीको दरबन्दी स्वीकृत गरी पदपुर्ति हुनुपर्दछ । कार्यालयको स्वीकृत दरबन्दी ११ रहेकोमा ५ पदपूर्ति भएको देखिन्छ । पदपूर्ति मध्ये २ स्थायी र ३ करारमा रहेको पाइयो । दरबन्दीबमोजिम पदपूर्ति हुनुपर्दछ ।

२. **पुँजीगत खर्च -** कार्यालयको लागि रु.१८ लाख २० हजार पुँजीगत बजेट प्राप्त भएकोमा फर्निचर, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायतको मेशिनरी औजारमा खर्च गरेको देखिन्छ । खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरेको देखिन्छ ।

३. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन मुख्य न्यायधिवक्ताको कार्यालय अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्ने कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । कामको प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

४. **वित्तीय जवाफदेहिता -** सचिवालयले विभिन्न ऐन कानुन एवं कार्यविधिमा भएको व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यवस्थापकीय, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र खरिद व्यवस्थापन पक्षसँग सम्बन्धित २० सूचकको आधारमा कार्यालयको वित्तीय जवाफदेहिता मूल्याङ्कन गर्दा थप सुधार गर्दै जानुपर्ने देखिन्छ ।

- **बेरुजू स्थिति –** कार्यालयको यो वर्ष फछ्र्यौट गर्नुपर्ने लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

## परिच्छेद ४

# प्रतिवेदन कार्यान्वयनको स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५(२) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औल्याइएका बेरुजूका सम्बन्धमा सो बेरुजूको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फछ्र्यौट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्थाअनुसार बेरुजूको कारबाहीको विवरण प्राप्त भएको छ ।

| सि.नं. | निकायको विवरण | प्रारम्भिक प्रतिवेदन दिएको मिति | प्रतिक्रिया प्राप्त | फछ्र्यौट (रु.हजारमा) | अन्तिम प्रतिवेदन जारी मिति |
|---|---|---|---|---|---|
| १. | प्रदेश सभा सचिवालय | २०७५/९/२३ | २०७५/१२/७ | - | २०७५/१२/७ |
| २. | मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | २०७५/९/२३ | २०७५/११/१७ | - | २०७५/१२/७ |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | २०७५/९/२३ | २०७५/१२/७ | - | २०७५/१२/७ |
| ४. | आन्तरीक मामिला तथा कानुन मन्त्रालय | २०७५/९/२३ | - | - | २०७५/१२/७ |
| ५. | उद्योग, पर्यटन वन तथा वातावरण | २०७५/९/२३ | - | - | २०७५/१२/७ |
| ६. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २०७५/९/२३ | - | - | २०७५/१२/७ |
| ७. | भौतिक पूर्वाधार मन्त्रालय | २०७५/९/२३ | - | - | २०७५/१२/७ |
| ८. | सामाजिक विकास मन्त्रालय | २०७५/९/२३ | - | - | २०७५/१२/७ |
| ९. | मुख्य न्यायाधिवक्ता कार्यालय | २०७५/९/२३ | - | - | २०७५/१२/७ |

# परिच्छेद-५
# सुधारका क्षेत्रहरु

१. **बजेट कार्यान्वयन -** बजेट तर्जुमा, कार्यान्वयन र खर्च व्यवस्थापनमा सुधार गर्दै बजेट विनियोजन, खर्च र उपलब्धि कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध गर्नुपर्दछ । चालु खर्च नियन्त्रण गर्न मितव्ययिता सम्बन्धी निर्देशिका र मापदण्ड बनाई लागू गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने र आयोजना व्यवस्थापनमा सुधार गरी पुँजीगत खर्च वृद्धि गर्नुपर्दछ । प्रदेश सञ्चित कोषबाट प्रदान गरिने सबै प्रकारका अनुदानको उपयोग सम्बन्धमा अनुगमन गरी तोकिएको क्षेत्रमा खर्च भएको यकिन गर्नुपर्दछ ।

२. **आयोजना व्यवस्थापन -** संभाव्यता अध्ययन, आयोजना छनौट, बजेट तथा कार्यक्रम स्वीकृति, कार्यान्वयन, सुपरीवेक्षण, अनुगमन मूल्याङ्कनलगायत चरणमा ध्यान दिँदै आयोजना सञ्चालन गर्नु पर्दछ । प्रदेश गौरवका आयोजना र पहिलो प्राथमिकताका आयोजना छनौट तथा सञ्चालन गरी पुँजीगत खर्च उपलब्धिमूलक बनाउनु पर्दछ ।

३. **सार्वजनिक खरिद -** सार्वजनिक निकायले खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना बनाई प्रतिस्पर्धात्मक रुपमा खरिद कार्य गराउनु पर्दछ । खरिद योजना कडाइका साथ पालना गर्नुपर्दछ । परामर्श सेवा र डिजाइन एण्ड बिल्ट प्रक्रियाबाट गरिने खरिद कार्यको लागत अनुमान तयार गर्ने नर्म्स निर्धारण गर्नुपर्ने देखिन्छ ।

४. **राजस्व संकलन -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्र पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क लगायतका क्षेत्र परिचालन गरी राजस्व संकलन गर्नु पर्दछ ।

५. **संगठनात्मक व्यवस्था र सेवा प्रवाह -** सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाह मितव्ययी र प्रभावकारी वनाउन तथा कार्यक्रम र दक्षतापूर्वक सञ्चालन गर्न चक्रीय समय प्रणाली, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली र हेल्पडेस्क प्रणाली जस्ता विधि कार्यान्वयनमा ल्याउन उचित व्यवस्था मिलाउनुपर्दछ । सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ । साथै विद्युतीय प्रणालीबाट भुक्तानी गरी सेवा प्राप्त गर्ने छरितो वनाउनु पर्दछ । प्रदेश तहबाट प्रवाह हुने सेवा व्यवस्थित गर्ने, घुम्ती सेवा प्रदान गर्ने, सेवाको मापदण्ड निर्धारण गर्ने, अनुगमन संयन्त्र बनाउने र गुनासो सुनुवाई सयन्त्रको व्यवस्था गरी सार्वजनिक सुनुवाई गर्ने व्यवस्था अवलम्बन गर्नुपर्दछ ।

६. **लेखाङ्कन तथा प्रतिवेदन प्रणाली -** सार्वजनिक निकायको लेखा प्रणाली, लेखा ढाँचाको स्वीकृति तथा वित्तीय प्रतिवेदन प्रणालीमा समयसापेक्ष सुधार गरी सार्वजनिक कोषको पारदर्शिता र विश्वसनीयता प्रवर्द्धन गर्न सार्वजनिक क्षेत्रको लागि नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेपसास) प्रदेश तहमा समेत कार्यान्वयनमा ल्याउनु पर्दछ । प्रदेश तहको सञ्चित कोष हिसाब तयार गर्ने ढाँचा लगायत प्रदेश तहमा प्रयोग हुने लेखाको ढाँचा महालेखापरीक्षकबाट स्वीकृत गराई लागू गर्नु पर्दछ ।

७. **आन्तरिक नियन्त्रण प्रणाली -** आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गर्ने कार्यालाई मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्ने आन्तरिक नियन्त्रण प्रणली तयार गरी लागू गर्नुपर्दछ ।

८. **वित्तीय जवाफदेहिता** – सार्वजनिक निकायले विभिन्न ऐन कानुन एवं कार्यविधिमा भएको व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यवस्थापकीय, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र खरिद व्यवस्थापन पक्षसँग सम्बन्धित २० सूचकको आधारमा प्रदेश तहका निकायको वित्तीय जवाफदेहिता मूल्याङ्कन गर्दा थप सुधार गर्दै जानुपर्ने देखिन्छ ।

९. **प्रदेश कानुन -** संविधानको धारा ५७(६) मा प्रदेश सभाले कानुन बनाउँदा संघीय कानुनसँग नबाझिने गरी बनाउनु पर्ने र संघीय कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने उल्लेख भएकोले प्रदेशबाट निर्माण हुने कानुन संघीय कानुनसँग सामञ्जस्यता हुने गरी निर्माण गर्नु पर्दछ ।

१०. **प्रदेश तहको वित्तीय व्यवस्थापन -** प्रदेश तहको वित्तीय व्यवस्थापनमा सुधार गर्न खर्च व्यवस्थापनमा सुधार गर्दै बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्यांकनसँग आवद्ध गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने, प्रदेश गौरवका आयोजना र प्राथमिकता प्राप्त आयोजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । नेपालको संविधान बमोजिम प्रदेशस्तरबाट निर्माण हुने कानून संघीय कानूनसँग सामन्जस्यता हुने गरी निर्माण गर्ने र सबै पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा एकरुपता हुने गरी मापदण्ड तयार गरी लागु गर्नुपर्दछ । प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्ने र सेवाग्राहीको समय र लागत घटाउन उपयुक्त सेवा प्रवाह प्रणालीको अवलम्बन गर्नुपर्दछ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम अधिकार क्षेत्र अन्तर्गत पर्ने विषयमा राजस्व संकलनलाई प्रभावकारी बनाउनुपर्दछ । महालेखापरीक्षकको स्वीकृत ढाँचामा प्रदेश तहको संचित कोष हिसाब तयार गर्ने, प्रदेश तहको वार्षिक लेखापरीक्षण प्रतिवेदन प्रदेश सभा मार्फत विषयगत सार्वजनिक लेखा समितिमा प्रस्तुत गरी छलफल गर्ने व्यबस्था मिलाउनु पर्दछ ।

**अनुसूची - १**

# लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण
# (विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

(रु. हजारमा)

| क.सं. | मन्त्रालय/ निकाय/कार्यालयको नाम | कार्यालय संख्या | बेरुजू भएका कार्यालय संख्या | बेरुजू रकम |
|---|---|---|---|---|
| १. | प्रदेश सभा सचिवालय | १ | १ | सैद्धान्तिक |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ | १ | सैद्धान्तिक |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | १ | १ | सैद्धान्तिक |
| ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रलय | १ | १ | ६१२ |
| ५. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | १ | १ | सैद्धान्तिक |
| ६. | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १ | १ | ३६० |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १ | १ | सैद्धान्तिक |
| ८. | सामाजिक विकास मन्त्रालय | १ | १ | सैद्धान्तिक |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | १ | १ | सैद्धान्तिक |
| | **जम्मा** | **९** | **९** | **९७२** |

**अनुसूची - २**

# लेखापरीक्षण रकम

(रु. हजारमा)

| क.सं. | मन्त्रालयर निकायको नाम | विनियोजन | | | | राजस्व | | | | धरौटी | | | | अन्य कारोवार | | | | लेखापरीक्षण सम्पन्न रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | |
| | | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | |
| १. | प्रदेश सभा सचिवालय | १ | ७७०२८ | १ | ७७०२८ | १ | १८ | १ | १८ | १ | १०२६ | १ | १०२६ | ० | ० | ० | ० | ७८०७२ |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ | ३७०४७ | १ | ३७०४७ | ० | ० | ० | ० | १ | ५४६ | १ | ५४६ | ० | ० | ० | ० | ३७५९३ |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | १ | २७१३३ | १ | २७१३३ | १ | १८ | १ | १८ | १ | ४९४ | १ | ४९४ | ० | ० | ० | ० | २७६४५ |
| ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रलय | १ | २५४५५ | १ | २५४५५ | १ | २५ | १ | २५ | १ | ११० | १ | ११० | ० | ० | ० | ० | २५५९० |
| ५. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | १ | २३०७३ | १ | २३०७३ | १ | ३२ | १ | ३२ | १ | ८४२ | १ | ८४२ | ० | ० | ० | ० | २३९४७ |
| ६. | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १ | २६५७५ | १ | २६५७५ | १ | ८ | १ | ८ | १ | ५२२ | १ | ५२२ | ० | ० | ० | ० | २७१०५ |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १ | २२१२३ | १ | २२१२३ | १ | २० | १ | २० | १ | ३०३ | १ | ३०३ | ० | ० | ० | ० | २२४४६ |
| ८. | सामाजिक विकास मन्त्रालय | १ | २८९२९ | १ | २८९२९ | १ | ३५ | १ | ३५ | १ | ९५६ | १ | ९५६ | ० | ० | ० | ० | २९९२० |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | १ | २३११ | १ | २३११ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २३११ |
| | **जम्मा** | **९** | **२६९६७४** | **९** | **२६९६७४** | **७** | **१५६** | **७** | **१५६** | **८** | **४७९९** | **८** | **४७९९** | **०** | **०** | **०** | **०** | **२७४६२९** |

**अनुसूची - ३**

# बेरुजू वर्गीकरण

## विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार

(रु हजारमा)

| क्र.सं. | मन्त्रालयर निकायको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बांकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेश्की | अन्य पेश्की | जम्मा |
| १. | प्रदेश सभा सचिवालय | १० | ० | ० | ३ | ० | ० | ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १२ | ० | ० | १ | ० | ० | ११ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | १३ | ० | ० | ० | ० | ० | १३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रलय | १० | १ | ६१२ | ० | ० | ० | १० | १ | ६१२ | ३ | ६०९ | ० | ० | ० | ६१२ | ० | ० | ० |
| ५. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | ८ | ० | ० | ० | ० | ० | ८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६. | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ११ | १ | ३६० | ० | ० | ० | ११ | १ | ३६० | ० | ० | ३६० | ० | ० | ३६० | ० | ० | ० |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | ८ | ० | ० | ० | ० | ० | ८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८. | सामाजिक विकास मन्त्रालय | ८ | ० | ० | ० | ० | ० | ८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | ३ | ० | ० | ० | ० | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | **कुल जम्मा** | **८३** | **२** | **९७२** | **४** | **०** | **०** | **७९** | **२** | **९७२** | **३** | **६०९** | **३६०** | **०** | **०** | **९७२** | **०** | **०** | **०** |

**अनुसुची - ४**

# लेखाउत्तरदायी अधिकृतहरुको विवरण र सो अवधिको बेरुजूको स्थिति

(रु हजारमा)

| क.सं. | मन्त्रालय/निकायको नाम | लेखाउत्तरदायी अधिकृतहरुको नामवली | अवधि | आ.व. २०७४/७५ को कुल बेरुजू | लेखापरीक्षण अंकको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|
| १. | प्रदेश सभा सचिवालय | श्री भरत कुमार बुढाथोकी | २०७४/१०/७ देखि २०७५/३/३२ | - | - |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | श्री आनन्दराज ढकाल | २०७४/११/१ देखि २०७५/३/३२ | - | - |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | श्री केवल प्रसाद भण्डारी | २०७४/१०/२८ देखि २०७५/३/३२ | - | - |
| ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | श्री बलदेव प्रसाद जोशी | २०७४/१०/२८ देखि २०७५/३/३२ | ६१२ | २.३९ |
| ५. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | श्री गोपाल गौतम | २०७४/१०/२८ देखि २०७५/३/३२ | - | - |
| ६. | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | डा.बंशी शर्मा<br>श्री निर्मल गदाल<br>डा.बिजयचन्द्र झा | २०७४/१०/२८ देखि २०७५/३/३२ | ३६० | १.३३ |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | श्री जीवछ मण्डल<br>श्री कौशल किशोर झा | २०७४/१०/२८ देखि २०७५/३/३२ | - | - |
| ८. | सामाजिक विकास मन्त्रालय | श्री शम्भु प्रसाद भट्टराई<br>श्री दीर्घ नारायण पौडेल | २०७४/१०/२८ देखि २०७५/३/३२ | - | - |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | श्री सुवर्णमान वनेपाली | २०७५/२/१० देखि २०७५/३/३२ | - | - |

## प्रदेश सञ्चित कोषको प्राप्ती तथा भुक्तानीको एकीकृत आर्थिक विवरण
आर्थिक वर्ष २०७४।७५

(रकम रु हजारमा)

| सि.नं | | | विवरण | आर्थिक वर्ष २०७४।७५ | आर्थिक वर्ष २०७३।७४ |
|---|---|---|---|---|---|
| १ | राजस्व तथा अनुदान | | | | |
| | क) राजस्व | | | | |
| | | अ | कर | | |
| | | आ | अन्य राजस्व | | |
| | | इ | गत वर्षको नगद मौज्दात तथा बेरुजू | | |
| | ख) | | अनुदान | | |
| | | अ | नगद अनुदान | | |
| | | १. | चालु आ.व.को | १,०२०,५००,०००.०० | |
| | | २. | गत आ.व.को | | |
| | | आ | सोधभर्ना हुने गरी भएको खर्च रकमको सोधभर्ना प्राप्त | | |
| | | १. | चालु आ.व.को | | |
| | | २. | गत आ.व.को | | |
| | | इ | सोझै भुक्तानी (प्रत्यक्ष अनुदान) | | |
| | | ई | वस्तुगत अनुदान | | |
| २ | | | वितिय व्यवस्था | | |
| | क | | ऋण लगानी फिर्ता | | |
| | | अ | आन्तरीक ऋण लगानी फिर्ता | | |
| | | आ | वैदेशिक ऋण लगानी फिर्ता | | |
| | ख | | शेयर बिक्री | | |
| | | अ | आन्तरिक शेयर बिक्री | | |
| | | आ | वैदेशिक शेयर बिक्री | | |
| | ग | | वैदेशिक ऋण प्राप्ती | | |
| | | अ | नगद ऋण | | |
| | | आ | सोधभर्ना हुने गरी भएको खर्च | | |
| | | १ | चालु आ.व.को | | |
| | | २ | गत आ.व.को | | |
| | | इ | सोझै भुक्तानी (ऋण) | | |
| | घ | | आन्तरिक ऋण प्राप्ती | | |
| ३ | | | अन्य प्राप्ती | | |
| | | अ | फ्रिज, ट्रान्सफर गरेको रकम गत वर्ष २०७३।७४ | | |
| | | आ | क-२ खातामा रहेको रकम सञ्चित कोष दाखिला | | |
| | | इ | शिक्षा विभागको अनुरोधमा डेनमार्क सहायतावाट प्राप्त | | |
| | | | यस वर्षको जम्मा प्राप्ती: | १,०२०,५००,०००.०० | |

लेखा अधिकृत

प्रमुख लेखा नियन्त्रक

## प्रदेश सञ्चित कोषको प्राप्ती तथा भुक्तानीको एकीकृत आर्थिक विवरण

आर्थिक वर्ष २०७४।७५

(रकम रु हजारमा)

| सि.नं | विवरण | | | आर्थिक वर्ष २०७४।७५ | आर्थिक वर्ष २०७३।७४ |
|---|---|---|---|---|---|
| १ | राजस्व तथा अनुदान | | | | |
| | क) राजस्व | | | | |
| | | अ | कर | | |
| | | आ | अन्य राजस्व | | |
| | | इ | गत वर्षको नगद मौज्दात तथा बेरुजू | | |
| | ख) | | अनुदान | | |
| | | अ | नगद अनुदान | | |
| | | १. | चालु आ.व.को | १,०२०,५००,०००.०० | |
| | | २. | गत आ.व.को | | |
| | | आ | सोधभर्ना हुने गरी भएको खर्च रकमको सोधभर्ना प्राप्त | | |
| | | १. | चालु आ.व.को | | |
| | | २. | गत आ.व.को | | |
| | | इ | सोझै भुक्तानी (प्रत्यक्ष अनुदान) | | |
| | | ई | वस्तुगत अनुदान | | |
| २ | | | वितिय व्यवस्था | | |
| | क | | ऋण लगानी फिर्ता | | |
| | | अ | आन्तरीक ऋण लगानी फिर्ता | | |
| | | आ | वैदेशिक ऋण लगानी फिर्ता | | |
| | ख | | शेयर बिक्री | | |
| | | अ | आन्तरिक शेयर बिक्री | | |
| | | आ | वैदेशिक शेयर बिक्री | | |
| | ग | | वैदेशिक ऋण प्राप्ती | | |
| | | अ | नगद ऋण | | |
| | | आ | सोधभर्ना हुने गरी भएको खर्च | | |
| | | १ | चालु आ.व.को | | |
| | | २ | गत आ.व.को | | |
| | | इ | सोझै भुक्तानी (ऋण) | | |
| | घ | | आन्तरिक ऋण प्राप्ती | | |
| ३ | | | अन्य प्राप्ती | | |
| | | अ | फ्रिज, ट्रान्सफर गरेको रकम गत वर्ष २०७३।७४ | | |
| | | आ | क-२ खातामा रहेको रकम सञ्चित कोष दाखिला | | |
| | | इ | शिक्षा विभागको अनुरोधमा डेनमार्क सहायतावाट प्राप्त | | |
| | | | यस वर्षको जम्मा प्राप्ती | १,०२०,५००,०००.०० | |

लेखा अधिकृत

प्रि. प्रदेश लेखा नियन्त्रक

## प्रदेश सञ्चित कोषको प्राप्ती तथा भुक्तानीको एकीकृत आर्थिक विवरण

आर्थिक वर्ष २०७४।७५

(रकम रु हजारमा)

| सि.नं | | | विवरण | आर्थिक वर्ष २०७४।७५ | आर्थिक वर्ष २०७३।७४ |
|---|---|---|---|---|---|
| १ | चालु वर्षको भुक्तानी | | | | |
| | क। सञ्चितकोष माथि व्ययभार हुने रकममा | | | | |
| | | अ | चालु खर्च | | |
| | | | पारीश्रमिक सुविधा | १,५११,४९९.०० | |
| | | | मालसमान तथा सेवाको उपयोग | | |
| | | | ब्याज र सेवा खर्च | | |
| | | | सहायत (सवसिडी) | | |
| | | | अनुदान (ग्रान्ट) | | |
| | | | सामाजिक सुरक्षा | | |
| | | | अन्य | | |
| | | आ | पूंजिगत खर्च | | |
| | ख | | विनियोजन ऐन द्वारा भएको खर्च | | |
| | | अ | चालु खर्च | | |
| | | | पारीश्रमिक सुविधा | ७५,९७५,८२४.५७ | |
| | | | मालसामान तथा सेवाको उपयोग | ६६,५८७,१५३.०० | |
| | | | ब्याज र सेवा खर्च | | |
| | | | सहायत (सवसिडी) | १,०००,०००.०० | |
| | | | अनुदान (ग्रान्ट) | | |
| | | | सामाजिक सुरक्षा | | |
| | | | अन्य | | |
| | | आ | पूजिगत खर्च | १२४,३९९,७७१.१८ | |
| २ | | | वितिय व्यवस्था अन्तर्गतको भुक्तानी | | |
| | क | | संचितको माथि व्ययभार हुने रकममा खर्च | | |
| | | अ | आन्तरीक ऋणको सांवा भुक्तानी | | |
| | | आ | बाह्य ऋणको सांवा भुक्तानी | | |
| | ख | | विनियोजन ऐन द्वारा भएको खर्च | | |
| | | अ | ऋण लगानी | | |
| | | १ | आन्तरीक ऋण लगानी | | |
| | | २ | बैदेशिक ऋण लगानी | | |
| | | आ | शेयर लगानी | | |
| | | १ | आन्तरीक शेयर लगानी | | |
| | | २ | बैदेशिक शेयर लगानी | | |
| ३ | | | को.ले.नि.का बाट खर्च भैसकेको तथा बैंकबाट भुक्तानी नभएको रकम समायोजन | ४८,६८७.०० | |
| | | | यस वर्षको जम्मा भुक्तानी | २६९,४७४,२४७.७५ | |
| ४ | | | गत वर्षको छुट भुक्तानी | ० | |
| | | | नगद परीवर्तन +- | | |
| | | | आर्थिक वर्षको शुरु मौज्दात | ० | |
| | | | आर्थिक वर्षको अन्ति मौज्दात | ७५१,०७४,४३९.२५ | |

## आर्थिक बर्ष २०७४।७५ को प्रदेश सञ्चित कोषको हिसाब

(रु.हजारमा)

| सि.नं | श्रोतको बिबरण | आम्दानी | खर्च | फरक |
|---|---|---|---|---|
| १ | **राजस्व तथा बेरुजु र अनुदान** | | | |
| १.१ | राजस्व | | | |
| १.२ | बेरुजु | | | |
| १.३ | संघिय अनुदान | १,०२०,५००,०००.०० | | |
| १.४ | नगद अनुदान | | | |
| १.५ | सोध भर्ना हुने अनुदान | | | |
| १.६ | सोझै भुक्तानी हुने अनुदान | | | |
| १.७ | बस्तुगत अनुदान | | | |
| २ | **खर्च** | | | |
| २.१ | चालु खर्च | | १४५,०७४,४७६.५७ | |
| २.२ | पुँजिगत खर्च | | १२४,३९९,७७१.१८ | |
| ३ | **वितिय अवस्था** | | | |
| ३.१ | आन्तरीक ऋण | | | |
| ३.२ | नगद ऋण | | | |
| ३.३ | सोझै भर्ना हुने बैदेशिक ऋण | | | |
| ३.४ | ऋण लगानी फिर्ता | | | |
| ३.५ | शेयर बिक्री | | | |
| ३.६ | आन्तरीक ऋणको सांवा भुक्तानी | | | |
| ३.७ | बैदेशिक ऋणको सांवा भुक्तानी | | | |
| ४ | **ऋण लगानी** | | | |
| ५ | **शेयर लगानी** | | | |
| ६ | **विविध आम्दानी -को.ले नि.का बाट खर्च भैसकेको तथा बैकबाट भुक्तानी नभएको रकम समायोजन** | ४८,६८७.०० | | |
| ७ | **विविध आम्दानी** | | | |
| ८ | गत बर्षको छुट आम्दानी खर्च हिसाब मिलान | | | |
| | २०७४।७५को जम्मा | | | |
| ९ | **गत आ.व. २०७३।७४ सम्मको जिम्मेवारी** | | | |
| | कुल जम्मा : | १,०२०,५४८,६८७.०० | २६९,४७४,२४७.७५ | ७५१,०७४,४३९.२५ |

लेखा अधिकृत

नि. प्रदेश लेखा नियन्त्रक

# लेखापरीक्षण अन्तरक्रिया तथा छलफल कार्यक्रमसँग सम्बन्धित तस्वीरहरु



३ नं. प्रदेशका माननीय प्रदेश प्रमुख श्री अनुराधा कोइराला र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल सहितका पदाधिकारीहरु



३ नं. प्रदेशका माननीय मुख्यमन्त्री श्री डोरमणि पौडेल र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल सहितका पदाधिकारीहरु




माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल र प्रदेश सभाका माननीय सभामुख श्री सानुकुमार श्रेष्ठ सहितका पदाधिकारीहरु



मकवानपुरको हेटौडामा आयोजित लेखापरीक्षण अन्तरक्रिया कार्यक्रममा सहभागी अतिथिगण